मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## संविधान समाप्त भयो भने प्रचण्ड जेल जान्छन्ः सिंह



समाचार पृष्ठ ८ मा

वर्ष २ | अंक १६० | २०८१ साल वैशाख १८ गते मंगलबार | Tuesday 30, April 2024 | सूर्योदयः बिहान ५:२७ बजे | सूर्यास्तः साँझ ६:३७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# गोली हानेर समातियो मोस्ट वान्टेड बब्लु

*भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार बब्लु पासवान प्रहरीलाई देखेर भाग्न खोज्दा नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड गोली चलाएको हो । नारायणी अस्पतालमा उपचारपछि उनी जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन् । घटनास्थलमा पासवानको मेड इन युएस लेखिएको स्वचालित पेस्तोल १ थान, त्यसमा लाग्ने गोली दुई राउन्ड, खैरो हेरोइन ४१ ग्राम, गाँजा ८८० ग्राम र बिआर ०५ एएल ६१३९ नम्बरको मोटरसाइकल बरामद गरिएको थियो ।*

*– कुमार विक्रम थापा, प्रहरी नायब उपरीक्षक, पर्सा*

**मधेशदृष्टि**
**वीरगंज ।**
आइतबार राति ११ बजे वीरगंज महानगरपालिका वडा नम्बर १६ भुटनदेवी मन्दिरनजिकै गोली चल्यो । मन्दिर छेउमा गोली चलेपछि एकाएक सुत्न लागेकाहरु पनि ब्युँझिए । कुनै अपराधी समूहले पो गोली चलायो कि भनेर सबै चनाखो बने ।

तर यसपटक गोली अपराधीले होइन, प्रहरीले चलाएको केहीबेरमै सबैले थाहा पाए ।

पर्सा प्रहरीले गोली दागेर भारत, रक्सौल चम्पारणका ४५ वर्षीय बब्लु पासवान भनिने गणेश कुमारलाई नियन्त्रणमा लिएको हो ।

पर्सा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक कुमार विक्रम थापाले केही समयअघि काठमाडौँको गोठाटारमा मारिएका लाल मोहम्मदको हत्यामा संलग्न बब्लुलाई नियन्त्रणमा लिइएको पुष्टि गरे ।

प्रहरीले बब्लुको खुट्टामा गोली लागेको र उपचारपश्चात् राति नै प्रहरी नियन्त्रणमा राखिएको बताएको छ । बब्लुका साथबाट केही लागुऔषध ब्राउन सुगर र पेस्तोल तथा दुईथान गोलीसमेत बरामद भएको प्रहरीले सोमबार पत्रकार सम्मेलनमा जानकारी दियो ।



नामः बब्लु पासवान उर्फ गणेश कुमार
ठेगानाः रक्सौल, चम्पारण, मोतीहारी, भारत
उमेरः ४५ वर्ष

## के छ बब्लुको आपराधिक इतिहास

**वारदातः**
१. व्यवसायी सुरेश केडियाको अपहरणपछि दुई वर्ष जेल बसेको ।
२. २०७९ असोज ३ गते काठमाडौँको गोठाटारमा भएको गोली काण्डमा संलग्नता । घटनामा मारिएका लाल मोहम्मदको हत्या । उनलाई प्रहार गरिएको गोली पासवानले व्यवस्थापन गरेको प्रहरीको दाबी ।

प्रहरीका अनुसार, गणेश कुमार भनिने बब्लुले रक्सौलबाट मोहम्मद हत्याका लागि पेस्तोल र त्यसमा लाग्ने गोली वीरगंजका २१ वर्षीय महोरम मियाँ र १९ वर्षका रेहान मियाँलाई दिएर पठाएका थिए । काठमाडौँमा बब्लुले प्रयोग गरेका 'दिनेश' भनिने व्यक्तिलाई हतियार दिइएको थियो । बब्लुले उनीहरुलाई ४० हजार रुपैयाँ दिएका थिए ।

फरार रहेका नितिन मदनले व्यवस्थापन गरेको मोहम्मदको घर नजिकैको 'कोशी पारि गेष्ट हाउस'मा सुटर बसेका थिए । मोहम्मद मारिनु केहीअघिदेखि सुमी भनिने सुस्मिता स्याङ्तान र मेरिना भनिने ममता तिवारीले मोहम्मदको रेकी गरेका थिए । मोहम्मदको सम्पूर्ण 'मूभ'को विवरण ह्वाट्स एपमार्फत भारतमा पासवानलाई पठाइएको पाइएको थियो । २०७९ असोज १४ गते घटनामा संलग्न रहेको आरोपमा सार्वजनिक भएका स्याङ्तानको खातामा बब्लुले डेढ लाख रुपैयाँ जम्मा गराइदिएका थिए ।

**वीरगंज जेल बसेका थिए बब्लु**
२०७६ जेठ दोश्रो साता वीरगंजका उद्योगपति सुरेश केडियाको अपहरणमा पनि बब्लु संलग्न थिए । त्यही कसूरमा पक्राउ परेका पासवान वीरगंज कारागारमा साढे २ वर्ष जेल परेका थिए । त्यसयता लागुऔषधको कारोबारसँगै विभिन्न व्यक्ति अपहरण र हत्याकाण्डमा संलग्न रहँदै आएको पासवान नेपाल र भारत दुवै देशका प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेको बताइएको छ ।

**कारोबारीको सेल्टर थिए बब्लु**
आइतबार राति ११ बजे भारतको रक्सौलबाट बिआर ०५ एएल ६१३९ नम्बरको भारतीय मोटरसाइकलमा लागुऔषध र पेस्तोल लिएर वीरगंज आइरहेका भारत, बिहार, पूर्वी चम्पारण रक्सौलका बब्लु पासवानलाई वीरगंज महानगरपालिका वडा नम्बर १६ भुटनदेवी मन्दिरअगाडि चेकजाँच गर्न खोज्दा भाग्न खोजेपछि प्रहरीले नियन्त्रणमा लिनेक्रममा दुई राउन्ड गोली फायर गरी भाग्न खोजेपछि जवाफी कारबाहीमा प्रहरीले बाँया खुट्टाको घुँडामुनि गोली प्रहार गरी नियन्त्रणमा लिएको हो । पासवान मोहम्मद हत्याकाण्डमा मात्र संलग्न नभई २०७३ जेठ १३ गते बारा जिल्लाको महागढीमाई नगरपालिका वडा नम्बर १ पसाहा पुल नजिक वीरगंजका उद्योगपति सुरेश केडियाको अपहरण गर्ने मुख्य योजनाकार थिए । छिमेकी राष्ट्र भारतमा बसेर पर्सा जिल्ला तथा तराईका जिल्लामा अपहरण गर्न लगाउने प्रमुख व्यक्ति भएको प्रहरीले बताएको छ । सीमाक्षेत्रमा साना हतियार तथा लागुऔषधको कारोबार गर्ने गिरोहमा संलग्न रहेका उनी नेपाली अपराधीलाई भारतमा संरक्षण गर्नेमा पर्छन् । ठूला उद्योगी व्यसायीलाई फोन गरी रकम माग गर्ने तथा ज्यान मार्ने धम्की दिने गरेको अनुसन्धानमा खुलेको छ ।

**घरबाट प्रहरी थाना हिँडेका थिए बब्लु**
भारत, मोतीहारीको बडा परेवा–१७ की बेबी कुमारीले पति बब्लु पासवान बेखबर भएको भन्दै रक्सौल प्रहरी थानामा निवेदन दिएकी थिइन् । भारतीय दैनिक भाष्करले आइतबार प्रकाशन गरेको समाचारमा थाना प्रभारी धीरेन्द्र कुमारले बब्लु बेपत्ता भएको सूचना प्राप्त भएको स्वीकारेका छन् । बब्लु लागुऔषध कारोबारीसहित अन्य मामलामा आरोपी रहेको प्रहरीमा सूचना थियो । बब्लुपत्नी बेबीले रक्सौल थानाध्यक्षलाई निवेदन दिँदै पतिको खोजीमा वैज्ञानिक एवम् प्रविधिसमेत प्रयोग गर्न अनुरोध गरेकी थिइन् । प्रहरीले सिसिटिभी फुटेजबाट पनि अवलोकन गरिरहेको थियो । व्यक्तिगत दुश्मनी एवम् अन्य कोणबाट पो हराए कि भनेर उनको खोजी भइरहेको दैनिक भाष्करले समाचार छापेको छ ।

पत्नी बेबीले २६ अप्रिल अर्थात् शुक्रबारसम्म घरमै रहेको साँझ मोबाइलमा हरैया प्रहरी थानाबाट फोन आएको बताइएकी छिन् । हरेया प्रभारी अनुज कुमारले फोन गरेको बब्लुले बताएको बेबीले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ । राति अबेरसम्म पति घर नआएको बेबीले बताएकी छिन् । नन्दलाई लिएर राति हरैया थाना गएर सोधपुछ गर्दा प्रभारी अनुज कुमारले नबोलाएको बताएको बताउँदै बेबीले पछिल्लो १०–१५ लिन यता लगातार बब्लु र प्रभारीबीच कुराकानी भइरहेको उल्लेख गरेकी छिन् ।

बेबीले प्रभारीले नै पतिलाई बोलाएर गायब गराएको आरोप लगाएकी छिन् । भाष्कर दैनिकसँगको कुराकानीमा थाना अध्यक्ष अनुज कुमार सिंहले बब्लुलाई पक्राउ नगरिएको तर खोजिरहेको बताएका छन् । उसो त, भारत, मोतिहारीको हरैया थानाका प्रभारी अनुज कुमार सिंहविरुद्ध उजुरी दर्ता भएपछि मोतीहारीमा चर्चाको विषय बनेको छ । बब्लु पासवान बेपत्ता भएपछि अनुजविरुद्ध उजुरी दर्ता भएको हो । लागुऔषधका कारोबारी र आइएसआइको हिटलिस्टमा रहेका भनिएका बब्लु काठमाडौँमा लाल मोहम्मद हत्यामा जोडिएका व्यक्ति भएको भारतीय प्रहरीमा पनि सूचना थियो ।

**सर्लाहीमा पनि हानिएको थियो गोली**
वीरगंजमा जस्तै सर्लाहीमा प्रहरीले गोली चलाएर चैत ५ गते दुई डाँकालाई पक्राउ गरेको थियो । प्रहरीले चलाएको गोली लागेर भारत, मोतीहारीकै जितेन्द्र राउत घाइते भएका थिए । राउतको घुँडा र तिघ्रामा गोली लागेको थियो ।

उनको मलंगवास्थित प्रादेशिक अस्पतालमा उपचार भएको थियो । राउतसँगै मोटरसाइकलमा सवार अर्का एक पक्राउ परेका थिए । उनीहरुविरुद्ध भारतमा अपहरण र शरीर बन्धक कसुरमा करिब १ दर्जन मुद्दा विचाराधीन छ । सर्लाहीको बरहथवामा पक्राउ गरेर जिल्लामा लैजाँदै गर्दा प्रहरीको हतियार खोसेर भाग्न खोजेपछि उनीहरुबिरुद्ध जवाफी कारबाही गरिएको प्रहरीको दाबी थियो । प्रहरीले ५ राउन्ड गोली चलाएको थियो । दुई राउन्ड गोली जितेन्द्रलाई लागेको हो । उनीहरुले बोकेको अमेरिकन पेस्तोल र ६ राउन्ड गोली प्रहरीले बरामद गरेको थियो ।

# जनकपुरधाम उपमहानगरमा बदमासीका चाङ

| कसलाई | कुन शीर्षक | कति पैसा |
|---|---|---|
| जनप्रतिनिधि | होली खर्च | १ लाख ९२ हजार रुपैयाँ |
| कर्मचारी | होली खर्च | २ लाख ९४ हजार ६ सय २८ रुपैयाँ |
| जनप्रतिनिधि/कर्मचारी | पोखरा भ्रमण | ९ लाख १० हजार १ सय ६६ रुपैयाँ |
| मेयर र कर्मचारी | मुद्दा मेलमिलाप | १ लाख ७२ हजार ३ सय ७० रुपैयाँ |
| न्यायिक समिति | मुद्दा छिनोफानो | ३ लाख ८२ हजार ५ सय रुपैयाँ |





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाका जनप्रतिनिधिले मनपरी ढंगबाट कानूनविपरीत सुविधा लिँदै आएका छन् । उनीहरुले विभिन्न चाडपर्वका नाममा रकम लिएका छन् भने पिकनिकका नाममा समेत भत्ता बुझेका छन् । आर्थिक वर्ष २०७९–८० को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनअनुसार होली खर्चका नाममा पदाधिकारीदेखि कर्मचारीले रकम लिएका छन् । प्रतिवेदनमा होली खर्चका नाममा ४ लाख ८६ हजार ६ सय २८ रुपैयाँ भुक्तानी भएको छ । जो कानूनविपरीत छ ।

जनकपुरधाम उपमहानगरपालिकाले होली खर्चवापत पदाधिकारीलाई १ हजार ५ सय रुपैयाँका दरले १ लाख ९२ हजार रुपैयाँ र कर्मचारीतर्फ २ सय ९७ जनालाई खाइपाइ आएको तलबको एक दिन बराबरले हुने २ लाख ९४ हजार ६ सय २८ रुपैयाँ गरी जम्मा ४ लाख ८६ हजार ६ सय २८ रुपैयाँ भुक्तानी दिइएको छ । जनकपुरधाम उपमहानगरपालिकाका कर्मचारी र जनप्रतिनिधिले पोखरा भ्रमणका नाममा तथा पिकनिकका नाममा पनि भत्ता बुझेका छन् । उनीहरुले करिब ९ लाख रुपैयाँ भत्ता बुझेका हुन् । मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन २०७७ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा नपाउने उल्लेख छ । तर जनकपुरधाम उपमहानगरपालिकाका ७२ जना जनप्रतिनिधि र २० कर्मचारीसहित ९२ जनालाई पोखरा पिकनिक कार्यक्रमका लागि दैनिक भ्रमण भत्ताबापत ९ लाख १० हजार १ सय ६६ रुपैयाँ भुक्तानी दिइएको छ ।

सरकारी रकम कलमबाट पिकनिक कार्यक्रम सञ्चालन गर्न पोखरा भ्रमणको औचित्य नभएकाले यसले भएको खर्च फजुल देखिएकाले सम्बन्धितहरुबाट असुल गर्न महालेखाले भनेको छ । त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहसहित चारजनालाई भुक्तानी गरिएको रकम असुल्न महालेखा परीक्षकको कार्यालयले निर्देशन दिएको छ ।

प्रमुख साह, शाखा अधिकृत मन्सुर राइन, कानुनी सल्लाहकार सुदीप कोइराला र नायबसुब्बा कीर्ति पाण्डेयले मेलमिलाप भएको मुद्दाको हकमा प्रत्येक मिलापत्रपिच्छे प्रोत्साहन भत्ता लिँदैआएका छन् । जनकपुरधाम उपमहानगरपालिकाको मुद्दा ऐन सञ्चालन ऐन २०७९ को दफा ७ बमोजिम प्रत्येक मेलमिलापपिच्छे प्रमुखले तीन

*बाँकी पृष्ठ २ मा*

# चुनाव प्रभावित पार्न गृहमन्त्रीको सचिवालयले ढाँट्यो



*उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले सुप्रिम सहकारीबाट गैरकानुनी ढंगले दुई करोड रुपैयाँ र उनी प्रबन्धक निर्देशक रहेका बेला गोर्खा मिडिया नेटवर्कले १४ करोड रुपैयाँ लगेको उल्लेख छ । सहकारी ऐनको दफा १२४ (१) (घ) मा एक करोड रुपैयाँ भन्दा बढी १० करोड रूपैयाँसम्म बिगो भए चार वर्षदेखि ६ वर्षसम्म कैद, १० करोड रूपैयाँदेखि माथि छ वर्षदेखि आठ वर्षसम्म कैद तोकिएको छ । मुलुकी अपराध संहिता २०७४ को दफा ३० मा संगठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने किटानी कानुनी व्यवस्था छ । कम्पनीको सञ्चालक, प्रबन्ध निर्देशक, महाप्रबन्धक कार्यकारी पद भएकाले आपराधिक दायित्व रहने उल्लेख हुँदा रवि लामिछानेको संलग्नता ठहर नहुने अवस्थै छैन ।*

मधेशदृष्टि
वीरगंज ।
उपप्रधानमन्त्रीसमेत रहेका गृहमन्त्री रवि लामिछानेको सचिवालयले शुक्रबार सहकारी पीडितले गृहमन्त्रीलाई धन्यावद दिएको भनेर गरेको समाचार सम्प्रेषणमा सहकारी पीडितले नै आपत्ति जनाएका छन् । गृहमन्त्री लामिछानेले लिखित प्रस्ताव प्रस्तुत गरेपछि मन्त्रिपरिषद्को बिहीबारको बैठकले तत्काल कानुनी व्यवस्था गरी सहकारी र तिनका कारण बचतकर्ताले बेहोर्नुपरेको समस्या समाधानको प्रक्रिया सुरु गर्ने निर्णय पनि गरेको थियो । यसपछि सहकारी पीडित आएर धन्यवाद दिएको भन्दै मन्त्रीको सचिवालयले समाचार सम्प्रेषण गरेको थियो ।

सहकारीको समस्या अहिलेका कानुनबाट मात्र समाधान नहुने देखिएपछि रकम फिर्ता गर्नेसहित बचतकर्ताको रकमको सुरक्षा गर्न संयन्त्र आवश्यक पर्ने भएकाले कानुनी प्रबन्ध जरुरी छ । मन्त्री लामिछानेको सचिवालयले यसलाई पनि हतारमा विज्ञप्ति बनाएर समाचार बनाएपछि विवादित भएको हो । सहकारी पीडितबाट धन्यवाद पाएको प्रचारबाजीपछि पोखराको सूर्यदर्शन, चितवनको सहारा र बुटवलको सुप्रिम बचत तथा ऋण सहकारीका पीडितले संयुक्त विज्ञप्ति जारी गर्दै खण्डन गरेपछि गृहमन्त्रीको सचिवालयका कारण गृहमन्त्री अप्ठेरोमा परेका छन् ।

उनीहरुले सहकारीबाट गैरकानुनी रुपमा ऋण लिएका कम्पनी र ती कम्पनीका सञ्चालकलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै कसैले धन्यवाद नदिएको बरु कानुन बनाएर चाँडो दोषीलाई कारबाही गर्न आग्रह गरिएको खुलाएका छन् । सूर्यदर्शन बचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठ, सहारा बचत पीडित संघर्ष समिति संयोजक शालिकराम दुवाडी र सुप्रिम सहकारी पीडित संघर्ष समिति संयोजक विजयकुमार नेपालले शुक्रबार संयुक्त विज्ञप्ति जारी गरेर गृहमन्त्रीको सचिवालयको समाचार मात्र खण्डन गरेनन् । कम्पनीमा भएका लगानी फिर्ता गर्न सरकारसँग माग पनि गरे ।

इलामको चुनाव प्रचारबाट काठमाडौं आएपछि लामिछानेले सहकारी पीडितको रकम फिर्ता गर्न सञ्चालकहरूको सम्पत्ति जफत गर्नुपर्ने प्रस्ताव गरेका थिए । यसपछि पीडितहरूले मन्त्रालय पुगेर धन्यवाद दिएको गृहमन्त्रकिो सचिवालयको प्रचार थियो । यसको भित्री

*बाँकी पृष्ठ २ मा*

# तातो हावाको लहर अझै बढ्ने

**रासस**
**काठमाडौँ ।**
विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिकरुपमा वृद्धि भइरहेकाले तातो हावाको लहर अझै बढ्ने भएको छ । लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यो क्रम वैशाख २० गतेसम्म जारी रहने मौसमविद्ले बताएका छन् ।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू–भागमा अत्यधिक गर्मीको सम्भावना रहेको विभागले बुलेटिनमार्फत चेतावनीसहितको सूचना जारी गरेको छ ।

'तातो बढ्ने भएकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध छ,' विभागले भनेको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेले तातो बढेसँगै आगलागी, हावाहूरीलगायतका समस्या झन बढ्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने बताए । उनका अनुसार यस वर्ष सबैभन्दा बढी ४३.६ डिग्री तापक्रम मापन भएको छ । भैरहवामा वैशाख आठ गते यो तापक्रम रेकर्ड भएको हो ।

सूचनामा भनिएको छ, 'तराईका ती भूभागमा सोमबारदेखि वैशाख २० गतेसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ । साथै पहाडी भूभागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनु हुन अनुरोध छ ।'

**सम्भावित असर तथा सुझाव**

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन स्वास्थ्यकर्मीले अनुरोध गरेका छन् ।

यस्तै, स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन समेत भनिएको छ । महाशाखाले दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमा समेत सोहीअनुसार नियमितरूपमा अद्यावधिक गरिने भएकाले अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ ।

# बालिका हत्या अभियोगमा आमाछोरी पक्राउ



**रासस**
**सिरहा ।**
तीन वर्षीया बालिकाको हत्या अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । उनीहरु आमाछोरी हुन् । सिरहा नगरपालिका—१८ जरुवा लक्ष्मिनियाँ टोलका रमेश यादवकी तीन वर्षीया छोरी रिया कुमारीको हत्या अभियोगमा छिमेकी ४७ वर्षिया सोनादेवी र उनकी छोरी पूजाकुमारी यादवलाई पक्राउ गरी सार्वजनिक गरिएको हो । घटनामा संलग्न भएको आशंका गरिएका सोनादेवीका श्रीमान् धनिकलाल यादव भने फरार छन् ।

गत बुधबार बिहानदेखि हराइरहेकी रियाको शव खोजतलासका क्रममा दुई दिनपछि शुक्रबार राति छिमेकी धनिकलाल यादवको घरमा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए । दुई परिवारबीच घरायसी झगडा हुँदै आएकाले सोही रिसइबीका कारण बालिकाको हत्या भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

# जनकपुरधाम उपमहानगरमा...

हजार रुपैयाँ र अन्तिम आदेश वा निर्णयपिच्छे दुईहजार रुपैयाँ, कानून अधिकृतले प्रत्येक मिलापत्रपिच्छे दुई हजार रुपैयाँ र अन्तिम आदेश वा निर्णयपिच्छे पाँच सय रुपैयाँ, यसैगरी मुद्दा निरूपणमा खटिने प्रमुखबाट तोकिएका कर्मचारीहरूले प्रत्येक मेलमिलापपिच्छे एक हजार रुपैयाँ र अन्तिम आदेश वा निर्णयपिच्छे पाँच सय रुपैयाँ प्रोत्साहन भत्ता लिने व्यवस्था छ । रकम पालिकाको आन्तरिक आयस्रोतबाट दिइने भनिएको छ । तर, प्रमुखका हकमा भने उपमहानगरपालिकाबाट प्रमुखको क्षेत्राधिकार अन्तर्गत मुद्दा निरूपण खर्चबापत छुट्ट्याइएको सम्बन्धित बजेट शीर्षकबाट कार्यालयले भुक्तानी दिनुपर्ने उल्लेख छ ।

कार्यालय समयबाहेक अरू समयमा मुद्दा व्यवस्थापन सम्बन्धी आन्तरिक बैठक बसेमा बैठकमा सहभागी प्रमुखले र कानून अधिकृतले बैठक भत्ताबापत दुई हजार रुपैयाँ र सहभागी प्रत्येक कर्मचारीले एक हजार रुपैयाँका दरले बैठक भत्ता पाउने ऐनमा उल्लेख छ ।

महालेखा परीक्षकको प्रतिवेदनले प्रचलित कानुनबमोजिम स्थानीय तहअन्तर्गत हुने विवाद तथा उजुरीको निरूपण गर्न उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने र सोही समितिले विवाद तथा उजुरीहरूको मेलमिलाप र निर्णय गर्ने हुँदा त्यस्तो कार्य नगरप्रमुखको कार्यक्षेत्रभित्र पर्ने नदेखिएको टिप्पणी गरेको छ ।

प्रतिवेदनले विवाद तथा उजुरीहरूको मेलमिलाप तथा निर्णयमा नगरप्रमुखले अनौपचारिक समन्वय र सहजीकरणमा सहयोग पुर्याउने भए पनि त्यस्तो रकम भुक्तानी लिन नमिल्ने देखिएकाले नगरप्रमुखसहितसँग असुलउपर गर्न भनेको छ । उपमहानगरपालिकाको मुद्दा सञ्चालन ऐनको प्रावधानअन्तर्गत प्रोत्साहन भत्ताबापत नगरप्रमुख साहसहित चारजनाले एक लाख ७२ हजार ३ सय ७० रुपैयाँ बुझेका छन् ।

स्थानीय तहका पदाधिकारीले कानुनी सल्लाहकार राख्ने व्यवस्था स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाका सम्बन्धमा बनेको ऐन २०७७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नरहेको भन्दै उपमहानगरपालिकाका कानुनी सल्लाहकार भनिएका कोइरालासँग २०७९ साउनदेखि २०८० असारसम्मको तलबबापतको रकम असुलउपर गर्न समेत प्रतिवेदनमा भनिएको छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन र अन्य कुनै कानुनमा व्यवस्था नभइकन न्यायिक समितिले विभिन्न विवाद मेलमिलाप तथा निर्णय गरेबापतको लिएको प्रोत्साहन भत्ता कानुनसम्मत नरहेको ठहर गरेको छ । प्रतिवेदनले न्यायिक समितिका पदाधिकारी तथा सदस्यले गत आर्थिक वर्षमा लिएको तीन लाख ८२ हजार ५ सय रुपैयाँलाई अनियमित भनेको छ ।

उपमहानगरपालिकाको न्यायिक समिति कार्य सञ्चालन ऐन २०७९ को दफा ७ को उपदफा (क) मा समितिका प्रत्येक सदस्यले मिलापत्रबापत तीन हजार रुपैयाँ र निर्णय भएको हकमा प्रत्येक निर्णयपिच्छे दुई हजार रुपैयाँ, सोही दफाको १ (ख) अनुसार कानून अधिकृतले मिलापत्र भएको हकमा प्रत्येक मिलापत्रमा एक हजार रुपैयाँ र निर्णय भएको हकमा प्रत्येक निर्णयमा पाँच सय रुपैयाँ प्रोत्साहन भत्ता दिने व्यवस्था छ ।

महालेखापरीक्षक कार्यालयले न्यायिक समितिमा पेस हुन आएका विवादका विषयमा मिलापत्र र कानुनबमोजिम निर्णय गर्न मिल्ने विषयमा निर्णय गर्नु विवादको निरूपण गर्नु संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम न्यायिक समितिको कर्तव्य भएकाले त्यसबापत लिइएको भुक्तानी रकम नियमसम्मत नभएको जनाएको छ ।

# ट्यांकर नभएपछि दमकलबाट पानी वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
क्षीरेश्वरनाथ नगरपालिकामा दमकलबाट पानी वितरण गर्न थालिएको छ । ट्यांकर नभएपछि दमकलबाट पानी वितरण शुरु भएको हो । अत्यधिक गर्मीका कारण पानीको स्रोत सुकेपछि पानी वितरण गरिएको हो । चापाकल र अन्य पानीका स्रोत सुकेपछि दमकलले पानी वितरण गर्न थालिएको प्रमुख सुखदेव यादवले बताए । यादवले नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने वडा नम्बर ७ को हरिहरपुर, दुर्गाटोल र वडा नम्बर ८ को दिगम्बरपुर गाउँमा पानी स्रोत सुकेको बताए । ती दुवै गाउँमा रहेको चापाकल सुकेर पानीको अभाव भएको छ । चापाकलमा पानी आउन बन्द भएका एक सातादेखि खानेपानी उपलब्ध गराइएको हो । साँझ, बिहान र आवश्यकता अनुसार पानी उपलब्ध गराइएको छ । उनले पानीको दीर्घकालीन समस्या समाधानमा समेत नगरपालिका जुटेको बताए । प्रमुख यादवले भने, 'हरिहपुर दुर्गाटोलस्थित महादेव मन्दिर नजिक बिग्रेको अवस्थामा रहेको डिप ट्युबेल सञ्चालनमा ल्याउन मर्मत सम्भारको काम भइरहेको छ । त्यसलगायत सोही बस्तीमा बीस लाख रुपैयाँको लागतमा एक थान नयाँ डिप ट्युबेल र तीन वटा इनार खन्ने योजना बनाएर काम भइरहेको छ ।'त्यसैगरी, दिगम्बरपुरमा पनि खानेपानीको समस्या समाधान गर्न खानेपानी योजना सञ्चालनमा ल्याउने काम भइरहेको प्रमुख यादवको भनाइ छ । दिगम्बरपुरमा पनि २० लाख रुपैयाँको लागतमा नयाँ डिप ट्युबेल र चार वटा नयाँ इनार खन्न बजेट विनियोजन गरिएको उनले बताए । हरिहरपुरका युवा विनोद यादवले जमिनमुनि पानीको जलस्तर तल गएकाले पानीका स्रोत सुकेको बताए । उनले विगत केही वर्षदेखि सुक्खायाम शुरु भएसँगै यस क्षेत्रमा पानीका स्रोत सुक्ने गरेको बताउँदै पानीको दीर्घकालीन उपायको खोजीमा जुट्न यस क्षेत्रबाट निर्वाचित स्थानीय जनप्रतिनिधि, प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्यलाई आग्रह गरे । धनुषाको उत्तरी क्षेत्र क्षीरेश्वरनाथ, बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा नदी, पानी खोल्सी, जरुवा, इनार र चापाकल लगायतका पानीका स्रोत सुक्न थालेपछि पानीको सङ्कट बढ्न थालेको स्थानीयको भनाइ छ ।

# महोत्तरीमा दिनहुँजसो आगलागी



**रासस**
**महोत्तरी ।**
वैशाखको दोस्रो साता शुरु भए यता महोत्तरीमा दिनदिनै आगलागीका कहालीलाग्दा घटना बढेका छन् । पछिल्ला १० दिनमा जिल्लाका विभिन्न ठाउँमा भएका आगलागीले करोडौँको क्षति भएको छ ।

वैशाख दोस्रो साताको प्रारम्भमै मटिहानीको एउटा फर्निचर उद्योगमा भएको आगलागीले ३० लाख रुपैयाँ बढीको क्षति गरेको एक साता नपुग्दै मटिहानी–६ जरलहवागाछी टोलको एक सय १० घर खरानी पार्ने घटनाले अझै त्यहाँका बासिन्दा बौरिन सकेका छैनन् । बुधबारको कहालीलाग्दो घटनाको भोलिपल्टै मटिहानी–९ सिमरदहीमा बिहीबार एउटा इलोक्ट्रोनिक पसलमा भएको आगलागीको घटनामा पसलका सरसामान जलेर नष्ट भएका छन् । त्यसअघि मङ्गलबार बलवाको बगडाको फर्निचर उद्योगमा आगलागी भएको थियो ।

पछिल्लो पटक आइतबार दिउँसो जिल्लाको गौशाला–२ कठुधारमा आगलागी भएको छ । बस्तीका सद्दाम नदाफ धोबी र निजकै भाइ मन्सुर नदाफको घर आगोले खरानी बनाएको छ । पछिल्लो यो घटनामा घरमा राखिएका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा र अन्य सरसामानसहित १० लाख रुपैयाँको क्षति भएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोजकुमार यादवले बताए ।

महोत्तरीसहितका मधेशमा बर्सेनि गर्मी चढ्दै गएपछि आगलागीका घटना हुँदै आएका छन् । यद्यपि यी विनाशकारी घटना धेरैजसो सजगताको कमीले नै हुने गरेका पाइएको सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र प्रहरी अधिकारीको अनुभव छ । कुनैकुनै घटना विद्युत् चुहिएर (विद्युत् सर्ट भएर) र कदाचित सङ्घर्षबाट हुने भए पनि यता हुने धेरैजसो आगलागी घरको आगो र प्रज्वलनशील वस्तुको ठीक व्यवस्थापन नगरँदा नै भएका रेडक्रस महोत्तरी शाखाका सभापति दीपक मिश्रको विगत अनुभव छ ।

'हामी त यस्ता विपद्का बेला कारण खोज्दैनौँ, सकेको राहत उद्धारमा लाग्छौँ, तर पछि घटनाका कारण खोतल्दा घरको आगो (खाना पकाउन बालिएको) राम्ररी व्यवस्थापन नगरँदा, बाटो हिँड्ने ननिभाइ मिल्काएका बिँडी–चुरोटका ठुटाबाट सल्कँदा र प्रज्वलनशील वस्तु (सलाइ, लाइटर) ससाना नानीले खेलाउँदा भएको पाइन्छ,' मिश्र भने, 'आपत्का बेला यस्ता पक्ष नउप्काइए पनि यी वास्तवमा लापरवाही नै हुन् ।' मौसमअनुसार यी कुरामा राम्रो ध्यान पु¥याउनसके घटना न्यूनीकरण हुने मिश्रको ठम्याइ छ ।आगलागी नियन्त्रण गर्न मुख्यरुपले स्थानीय तहका वडा समितिले बस्तीभित्रका सामाजिक सङ्घसंस्था, रानीतिक दल र अन्य सरोकारवालालाई समावेश गरेर सचेतनामूलक घुम्ती प्रचार गर्नपर्ने कतिपयको सुझाव छ । प्रत्येक नयाँ वर्षअघि वडाका बस्तीमा पालैपालो पाँच–सात दिन घरघरै जस्तो आगो व्यवस्थापनबारे सचेतना दिँदै कतै लापरवाही भेटिए त्यसैअनुसारको नसियत (सजाय, जरिवाना) तिराइए पूर्वसजगता बढ्ने सूर्योदय सांस्कृतिक क्लब भङ्गाहा–४ रामनगरका पूर्वध्यक्ष गोपालप्रसाद श्रेष्ठको सुझाव छ ।

# बझाङ प्रदेश सभामा एमालेको जित



**मधेशदृष्टि**
**बझाङ ।**
प्रदेश सभा–१ को निर्वाचनमा नेकपा एमालेका उम्मेदवार दमन भण्डारी विजयी भएका छन् । उनले नेपाली कांग्रेसका उम्मेदवार अभिषेक सिंहलाई २ सय ६७ मतले पराजित गर्दै भण्डारी विजयी भएका हुन् । निर्वाचन अधिकृतको कार्यालयले यसको औपचारिक घोषणा गर्न बाँकी छ ।

शनिबार भएको उपनिर्वाचनको अन्तिम परिणाम सोमबार सार्वजनिक हुँदा भण्डारीले सुदूरपश्चिम प्रदेश सभामा जित हासिल गरेका हुन् ।

भण्डारीले ११ हजार ६ सय १३ मत ल्याउन सफल भएका छन् । उनीसँग पराजित कांग्रेका सिंहले ११ हजार ३ सय ४६ मत ल्याए ।

नेकपा माओवादी केन्द्रका जनक बुढाले ३ हजार ८ सय ३१ मत पाए । नेकपा एकीकृत समाजवादीका दिलबहादुर सिंहले २ हजार ५ सय १४ मत ल्याए । शनिबार भएको उपनिर्वाचनमा ३० हजार ३ सय २८ मत झरेको थियो। ११ दलका उम्मेदवार एक्लाएक्लै मैदानमा थिए ।

# चुनाव प्रभावित पार्न...

मक्सद भने इलाम–२ मा हुने उपचुनाव प्रभावित पार्ने गरी गृहमन्त्री रवि लामिछानेको सचिवालयले शुक्रबार गलत सूचना सम्प्रेषण गरेको सहकारीपीडितको निष्कर्ष छ ।

सहकारी पीडितहरूले निकालेको विज्ञप्तिमा भनिएको छ, 'जिबी राई समूहले सञ्चालन गरेका सहकारी हाम्रो कृषि सहकारी संस्था, पोखराको सूर्य दर्शन, काठमाडौंको स्वर्ण लक्ष्मी, चितवनको सहारा, बुटवलको सुप्रिम, वीरगंजको सानो पाइला र नेपालगञ्जको समानता सहकारीका अरबौँ रुपैयाँ नेपाल सरकारको ऐन कानुन र सहकारी ऐन विपरीत लगानी गर्न नमिल्ने नाफामूलक विभिन्न कम्पनी तथा संघसंस्थामा लगानी गरी हजारौं बचतकर्ताको अरबौँ रुपैयाँ हिनामिना हुँदा समेत सरकार मौन छ ।'

यी सहकारीबाट राई समूहको गोर्खा मिडिया नेटवर्क प्रालि, नेचर हर्ब, नेचर नेस्ट, गोर्खा समूह अफ इन्भेस्टमेन्ट, स्प्रिङ उड रियल स्टेट एन्ड हाउजिङलगायत कम्पनीमा करोडौँ रुपैयाँ ऋण प्रवाह भएको छ । बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको छानविन प्रतिवेदनमा जिबी राई समूहको संलग्नतामा विभिन्न कम्पनीमा करोडौँ रुपैयाँ ऋण प्रवाह गरी अपचलन गरेको उल्लेख छ । चितवनको सहारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा समस्या देखिएपछि २०८० असोज ९ बाट छानबिन हुँदा बनेको प्रतिवेदनमा विभिन्न ९–१० वटा कम्पनीमा करोडौं रुपैयाँ जिबी राई लगायत अन्य व्यक्तिको मिलेमतोमा दुरुपयोग भएको देखिन्छ । २०८० चैत्र ४ मा तीमध्ये ६ वटा कम्पनीविरुद्ध जिल्ला प्रहरी कार्यालय चितवनमा पीडितले जाहेरी दरखास्त बुझाएका थिए । पोखराको सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड सम्बन्धमा २०८० भदौमा प्रहरीमा जाहेरी परेपछि भएको छानबिनमा जिबी राई समूहको संलग्नतामा करोडौँ रुपैयाँ कम्पनीको नाममा ऋण लगानी गरेको फेला परेको थियो ।

सहकारी ऐनको दफा १२२ (त) मा सहकारी संस्थालाई हानी नोक्सानी पु¥याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्ने वा गराउन, कुनै किसिमको रकम लिन वा दिन वा गैर कानुनी लाभ वा हानी पु¥याउने बदनियतले कुनै कार्य गरे वा गराएमा कसुर गरेको मानिने उल्लेख छ । यस्तो कसुरको सम्बन्धमा सहकारी ऐनको दफा १२४ (१) (घ) मा एक करोड रुपैयाँ भन्दा बढी १० करोड रूपैयाँसम्म बिगो भए चार वर्षदेखि ६ वर्षसम्म कैद, १० करोड रूपैयाँदेखि माथि छ वर्षदेखि आठ वर्षसम्म कैद तोकिएको छ । मुलुकी अपराध संहिता २०७४ को दफा ३० मा संगठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने किटानी कानुनी व्यवस्था छ । कम्पनीको सञ्चालक, प्रबन्ध निर्देशक, महाप्रबन्धक कार्यकारी पद भएकाले आपराधिक दायित्व रहन्छ ।

१ हजार ८ सय २८ जना पीडितहरूको ८६ करोड १८ लाख २३ हजार ७ सय ५४ रुपैयाँ सहकारीले अपचलन गरेको अदालतले समेत ठहर गरेको छ । सडकमा कुल्फी बेच्नेदेखि सटरमा पसल गर्ने बचतकर्ताको रकम हिनामिना भएको छ । उनीहरूको बिचल्ली हुँदासमेत राज्य बेखबर जस्तो बन्नु नागरिकहरू माथि अन्याय भएको पीडितहरूले गुनासो गरेका छन् । आरोपित रवि लामिछाने सरकारको गृहमन्त्री छन । अहिलेसम्म जिबी राई र सुप्रिमका व्यवस्थापक सागर केसीलाई प्रहरीले किन पक्राउ गर्दैन ?' उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले सुप्रिम सहकारीबाट गैरकानुनी ढंगले दुई करोड रुपैयाँ र उनी प्रबन्धक निर्देशक रहेका बेला गोर्खा मिडिया नेटवर्कले १४ करोड रुपैयाँ लगेको उल्लेख छ ।

# काठमाडौँ महानगरको १० लाख

**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले महोत्तरी जिल्लाको मटिहानी नगरपालिका–६ जरलहवा टोलका आगलागी पीडितलाई १० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने निर्णय गरेको छ ।

महानगर विपद् व्यवस्थापन समितिले आगलागीको विपदमा परेका व्यक्ति तथा परिवारको राहत तथा पुनःस्थापनाका लागि सहयोग गर्ने निर्णय गरेको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए ।

रकम नगरपालिकाको खातामा जम्मा हुने गरी पठाउने महानगरपालिकाको तयारी छ । जरलहवा टोलमा वैशाख १२ गते दिउँसो १ बजेदेखि आगलागी भएको थियो ।

आगलागीमा परेर ९१ कच्ची घर र ९ वटा अर्धपक्की घर गरेर एक सय घर जलेर नष्ट भएका थिए । यसबाट चार सय ५५ जना प्रभावित भए भने सोही आगलागीले पाँच वटा बाख्रा, दुई वटा सँगुर जलेर नष्ट भएका थिए ।



**व्यावसायिक केरा खेती :** सर्लाहीको बागमती नगरपालिका–६ सोल्टीस्थित ओम स्टार कृषि तथा पशुपालन फारममा गरिएको व्यावसायिक केरा खेती । मनग्य आम्दानी हुने भएपछि व्यवसायीहरु केरा खेतीतर्फ किसान आकर्षित भएका छन् ।
तस्बिरः सिंगबहादुर थापा/रासस

# पत्रकारिता क्षेत्रको समस्याप्रति सरकार संवेदनशील छः लेखी

**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले पत्रकारिता क्षेत्र र पत्रकारहरूको समस्याप्रति प्रदेश सरकार संवेदनशील रहेको बताएका छन् । सप्तरीको तिरहुत गाउँपालिका–५ स्थित ऐतिहासिक धार्मिक पर्यटकीय स्थल लोहजरामा नेपाल पत्रकार महासङ्घ सप्तरीको ११ औँ अधिवेशनमा उनले सो कुरा बताएका हुन् । मन्त्री लेखीले पत्रकारको समस्याप्रति गम्भीर रहेको बताउँदै पत्रकारहरूको पेसागत सुरक्षा र संस्थागत विकासको लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले पत्रकारिता क्षेत्रमा रहेको तमाम समस्यालाई सम्बोधन हुने गरी कार्ययोजना पेस गर्न र छलफल गर्न पत्रकार महासङ्घका जिल्ला तथा प्रदेश नेतृत्वलाई आग्रह गरे । लोक कल्याणकारी विज्ञापनमा प्रदेश सरकारले कटौती गरी पत्रकारलाई सुविधाबाट वञ्चित गर्नु न्याय पूर्ण नभएको बताउँदै प्रदेशभरी रहेका सञ्चार माध्यमलाई दिने सुविधा वार्षिक २५ लाख यो न्यायसङ्गत नभएकोले प्रदेश नेतृत्वलाई ५० करोड रुपैयाँको कार्ययोजना बनाएर पेस गरेमा कार्यान्वयन तर्फ लाने जिम्मा आफूलाई भएको बताए । मन्त्री लेखीले सङ्घ सरकारले बजेटमा प्रदेश सरकार र स्थानीय सरकारमाथि भेदभाव गरी केन्द्रले ८० प्रतिशत बजेट राख्ने र सातवटा प्रदेश र ७ सय ५३ स्थानीय तहलाई २० प्रतिशत बजेट विनियोजन गरेर केन्द्र सरकारले विभेद गरेको आरोप लगाए । नेपाल पत्रकार महासङ्घ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहान, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासङ्घ मधेश प्रदेश अध्यक्ष राजेश कर्ण महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, पूर्व केन्द्रीय सदस्य अबधेश झा, पूर्व सिँचाइ मन्त्री उमेश कुमार यादव, राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविन, तिरहुत गाउँपालिकाका अध्यक्ष विजय कुमार यादव, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, प्रमुख जिल्ला अधिकारी किरण थापा, नेपाल पत्रकार महासङ्घ सप्तरीका पूर्व सभापति बैथनाथ झा लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरे । उद्घाटन समारोह पश्चात् बन्द सत्रमा आर्थिक, प्रगति, सांगठानिक तथा भावी नीति तथा कार्यक्रम प्रस्तुत गरी छलफल पश्चात् परिमार्जन गर्ने गरी अबेर राती पारित भएको पत्रकार महासङ्घ सप्तरीले जनाएको छ ।



# भन्सारबाट नौ महिनामा दुई अर्ब बढी राजश्व सङ्कलन

**रासस**
**महोत्तरी ।**
जिल्लाको जलेश्वर भन्सार कार्यालयले नौ महिनामा दुई अर्ब ३५ करोड ९१ लख रुपैयाँ भन्दा बढी राजश्व सङ्कलन गरेको छ । कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म दुई अर्ब ३५ करोड ९१ लाख २८ हजार सय ४० रुपैयाँ राजश्व सङ्कलन गरेको बताए । त्यो अवधिमा दुई अर्ब ८० करोड ८४ लाख ७७ हजार आठ सय ९ रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य रहेको थियो । आयात तथा निर्यातमा भएको कमी र विश्वव्यापी आर्थिक आर्थिकमन्दीका कारण राजश्व निर्धारित लक्ष्यभन्दा कम राजश्व सङ्कलन भएको गुप्ताको भनाइ छ । त्यसैगरी भारत सरकारले प्याजलगायत अन्य सामानको आयातमा लगाएको प्रतिबन्धका कारण पनि राजश्व सङ्कंलनमा समस्या आएको समेत उनले बताए । सङ्कलित राजश्वमध्ये पेट्रोलियम पदार्थबाट ५३ दशमलव ९१ प्रतिशत अर्थात एक अर्ब ३५ करोड रुपैयाँ, कोइलाबाट आठ दशमलव तीन, आलुबाट चार दशमलव तीन, चामलबाट तीन दशमलव दुई, मिठा (गुड) बाट दुई दशमलव तीन, सेरामिक्स तथा टायलवाट एक दशमलव १४, स्याउवाट शून्य दशमलव ६१, मसालाबाट एक दशमलव ७५, प्याजबाट शून्य दशमलव ४९, धानबाट शून्य दहमलव ५७ तथा अन्य सामानवाट एक दशमलव १४ प्रतिशत राजश्व सङ्कलन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी विभिन्न मितिमा पक्राउ गरिएका सामानहरूको लिलामीबाट दुई करोड ६६ लाख ८८ हजार रुपैयाँ राजश्व सङ्कलन भएको पनि तथ्याङ्क उल्लेख छ ।
भन्सार विभागले चालु आवमा तीन अर्ब ७३ करोड २३ लाख ६२ हजार छ सय ८७ रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य तोकेको र सो लक्ष्यबमोजिम राजश्व सङ्कलन गर्ने विश्वास रहेको सूचना अधिकारी गुप्ताको भनाइ छ । सो कार्यालयअन्र्तगत रहेका छोटी भन्सार कार्यालयबाट पनि लक्ष्यभन्दा कम राजश्व संकलन भएको छ ।

# पठन संस्कृतिको विकास गर्नुपर्नेमा जोड

**रासस**
**सिरहा ।**
सिरहाको लहानमा आयोजित सामुदायिक तथा सार्वजनिक पुस्तकालयको मधेश प्रदेशस्तरीय सम्मेलनमा सरोकारवालाले पठन संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिएका छन् । पछिल्लो समय सामाजिक सञ्जालको प्रभावले सतही अध्ययनका आधारमा धारणा बनाउनेको जमात बलियो बनेको भन्दै किताव पढ्ने बानी र गहिरो अध्ययन गर्ने बानी हराउँदै गएकामा सम्मेलनका वक्ताले चिन्तासमेत व्यक्त गरेका छन् । कार्यक्रममा सङ्घीय सांसद गङ्गाप्रसाद यादवले पुस्तकालयमा पठनपाठन गर्न जाने पठन संस्कृति हराउँदै गएको उल्लेख गर्दै पठन संस्कृतिको विकास गरेर अगाडि बढ्नुपर्ने बताए । ‘पुस्ताकलयमा गएर पढ्ने संस्कृति हराउँदै गएको छ । युवापुस्ता विभिन्न प्रकारका कुलत र दुर्व्यसनमा आकर्षित भएका छन्’, सांसद यादवले भने, ‘युवालाई चेतना अभिवृद्धि गरी पठन संस्कृतिको विकास नगर्दासम्म सामाजिक विकास गर्न असम्भव छ ।’ सांसद यादवले मधेश प्रदेशमा साक्षरता दर कम हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै तीनै तहका सरकारले शिक्षामा प्रसस्त लगानी र उचित वातावरण तयार गर्न जरुरी भएको बताए । मधेश प्रदेशका प्रदेशसभा सदस्य राजेन्द्रप्रसाद चौधरीले मधेसमा पुस्तकालय निर्माणको आवश्यकता भएको जिकिर गर्दै त्यसका लागि आफू लागिपरेको बताए । उनले पठन संस्कृतिको विकास गरेर मात्रै सामाजिक विकास गरी समृद्धिको दिशा देखाउन सकिने बताए । नेपाल सामुदायिक पुस्तकालयका महासचिव राजेन्द्र पाण्डे, नेपाल सामुदायिक पुस्तकालय कोशी प्रदेशका अध्यक्ष भरत खड्का, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव यादवचन्द्र निरौला, जे एस मुरारका क्याम्पस लहानका उपप्राध्यापक जितेन्द्रदेव चौधरीलगायतले समाज विकासको जग नै शिक्षा भएको उल्लेख गर्दै पठन संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिएका थिए ।

# ३० जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढि नगरपालिकामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
नगरपालिकाको वडा नम्बर ८ हरपुरमा कार्यक्रम सम्पन्न भएको हो । सन्त निरकारी मन्डल नेपाल प्रसौनी भाटा शाखा तथा साध संगत हरपुरको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा ६ जना महिला सहित ३० जनाले रक्तदान गरेका छन् । पर्सागढि नगरपालिका वडा न ८ कार्यलय र सृजनात्मक समाज फाउन्डेसन नेपाल पर्साको सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । रक्तसंचार केन्द्र वीरगंजका प्राविधिक मनिस कुमार साह, अजय साह, आकाश गुप्ता, बिनय कुमार लगायतको सहभागिता रहेको थियो ।

# भित्तेपात्रो अनावरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज युवा समाजले सम्मान तथा भित्ते पात्रो (क्यालेन्डर) अनावरण गरेको छ । वीरगंजमा आयोजित सम्मान तथा २०८१ सालको क्यालेन्डर अनावरण कार्यक्रम सम्पन्न गरिएको हो । समाजका अध्यक्ष सञ्जीव थापाको सभापतित्व एवम् वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक (इन्स्पेक्टर) पुष्कर बोगटीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा समाजले तयार पारेको नयाँ वर्ष २०८१ को क्यालेन्डर अनावरण गरिएको थियो । कार्यक्रममा सहभागी अतिथिहरूले सामूहिक रूपमा क्यालेन्डर अनावरण गरेका थिए । क्यालेन्डर अनावरण पश्चात् कार्यक्रममा समाजका सल्लाहकार एवम् वरिष्ठ दन्त चिकित्सक डा. मनोज उपाध्यायलाई सम्मानित गरिएको थियो । डा. उपाध्याय लायन्स क्लब अफ वीरगंज एक्ससेलेन्सको अध्यक्ष पदमा सर्वसम्मत चयन भएकोमा उनलाई दोसल्ला ओढाई सम्मानित गरिएको अध्यक्ष थापाले बताए । त्यस्तै लायन्स क्लब इन्टरनेशनल ३ नम्बर एरियाका लागि एरिया चीफ नियुक्त भएका समाजका सदस्य श्याम गुप्ता, कुर्मी सशक्तीकरण मञ्च पर्साका अध्यक्ष दिपक पटेल सम्मानित गरिएको थियो ।

# १३ लाख बढीको अवैध सामान बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
प्रहरी गस्ती टोलीले १३ लाख रुपैयाँ भन्दा बढीको विभिन्न किसिमका अवैध भारतीय सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको टोलीले बौधिमाई नगरपालिका ७ स्थितमा भारतबाट अवैध रुपमा भंसार छली चोरी पैठारी गरी ल्याएको लत्ताकपडा र किराना सामानहरु बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् । कुल १३ लाख २६ हजार ४५ रुपैयाँ बराबरको बरामद लत्ताकपडा र किराना सामानहरु आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



## गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो



- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

**जनहितमे जारी सन्देश**

Tv BIRGUNJ · RADIO Birgunj · मधेशदृष्टि राष्ट्रिय दैनिक

# नाबालक फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी धनुषाले वेवारिसे अवस्थामा नाबालकहरु फेला परेको छ ।
एक सूचना जारी गर्दै आफ्नो कार्यालय मातहतका ईलाका प्रहरी कार्यालय खजुरी धनुषा अन्तर्गत पर्ने जिल्ला धनुषा जनकनन्दनी गाँउपालिका वडा नं. ३ महुवा स्थितमा फेला परेको जनाएको छ ।
फेला परेकाहरुमा धनुषा जनकपुर
उप–महानगरपालिका वडा नं. १ सिताचौक बस्ने नन्दा मुखियाको छोरा अन्दाजी वर्ष १२ का शिवन मुखिया, सोही ठाउँका पवन कुमार महतोको छोरा वर्ष १० का अजित कुमार मुखिया, राम सोभित धानुक मण्डलको छोरा वर्ष १२ का किशन धानुक मण्डल, बिष्णु धानुक मण्डलको छोरा वर्ष ८ का हरे धानुक मण्डल, बिष्णु धानुक मण्डलको छोरा वर्ष ६ का कृष्ण धानुक मण्डल रहेका छन् । उनीहरु सबै जना सिताचौकको रहेको बताएका छन् । नाबालकहरुलाई कार्यालयमा राखिएको जानकारी गराउँदै उनीहरुको पहिचान गर्ने जोकोहीले यस कार्यालयमा सम्पर्क राख्न हुन सूचना मात्र अनुरोध गरिएको छ ।



*जसरी एउटा मैनबत्ती आगोबिना जल्न सक्दैन, उसैगरी मान्छे आध्यात्मिक मनबिना बाँच्न सक्दैन ।*

*–बुद्ध*

## सम्पादकीय

### मन्त्रालयको किचलो र मुख्यमन्त्री–मन्त्री द्वन्द्व

*मधेश प्रदेश सरकारका भलिभाँतीका रमाइला किस्सा टन्नै छन् । चौथोपटक विश्वासको मत लिएपछि सबैभन्दा बलियो हुनु पर्ने मुख्यमन्त्री सरोजकुमार यादव यतिखेर चौतर्फी घेराबन्दीमा परेपछि कमजोर बनिरहेका छन् । पछिल्लो १५ महिनामा उनले गरेको र देखाएको व्यवहारले वाक्क बनेका सबै पक्ष अहिले मुख्यमन्त्री यादवलाई प्रहार गरिरहेका छन् । मुख्यमन्त्री यादव इतिहासमै कमजोर देखिने अवस्थामा पुगेका छन् । उनलाई मुख्यमन्त्रीमा निरन्तरता दिइरहने जनता समाजवादी पार्टीका अध्यक्ष एवम् नेपाल सरकारका उपप्रधानमन्त्री उपेन्द्र यादव अमेरिका भ्रमणमा रहेकाले मुख्यमन्त्रीको कदमविरुद्ध उनकै पार्टीले पनि रक्षात्मक अवस्था ग्रहण गरिरहेको छ । मुख्यमन्त्रीको कदमविरुद्ध प्रमुख प्रतिपक्षी बनेको नेपाली कांग्रेस, लोसपा, जनमत त यसै आक्रामक हुने नै भयो । सत्ता साझेदार नेकपा माओवादी केन्द्र पनि मुख्यमन्त्रीको व्यवहारसँग सन्तुष्ट हुनसकेको छैन । यसको असर हो, तेस्रो वरियता दिएर मन्त्रिमण्डल विस्तार गरिए पनि असन्तुष्ट बनेर मन्त्रालय नै लिन्न भएका नेकपा माओवादी केन्द्रका प्रदेश संसदीय दलका नेता तथा बिनाविभागीय मन्त्री भरत प्रसाद साह । उनले मुख्यमन्त्रीले अर्थमन्त्री दिने सहमति तोडेको बताएका छन् ।*

*यसरी मुख्यमन्त्रीविरुद्ध माओवादीले जहोद छेडेको छ । सामान्यतयाः प्रधानमन्त्रीले बोलेपछि मन्त्रीहरुले कुरा काट्दैनन् र मुख्यमन्त्रीले बोलेपछि प्रदेश मन्त्रीहरुले नाइँ भन्दैनन् । प्रोटोकलको ख्याल गरेर उनीहरुले प्रधानमन्त्री र मुख्यमन्त्रीको निर्णय शिरोपर गर्नु पर्छ । तर मधेश प्रदेश सरकारका बिनाविभागीय मन्त्री भरतप्रसाद साहले भने मुख्यमन्त्री यादवलाई चुनौति दिएका छन् । यो मुख्यमन्त्री यादव मात्रको बहुमतको सरकार नभएकाले जेन्टलमेन्ट एग्रिमेन्ट गरेर मन्त्री नदिइनु राजनीतिक बेइमानी भएकाले मन्त्रालय नै स्वीकार नगरी मन्त्री साहले विद्रोह गरिदिएपछि मुख्यमन्त्री निकै समस्यामा परेका छन् । उनको जनमत पार्टीका मन्त्रीहरुलाई पेलेजस्तो माओवादीका मन्त्रीलाई पेल्न सक्ने अवस्था र हैसियत पनि यतिबेला बनेको छैन । चौतर्फी समस्या र घेरामा परेका मुख्यमन्त्रीलाई माओवादीका एउटा मन्त्रीले ‘थाल खाउँ कि भात’ बनाइदिएका छन् । मुख्यमन्त्रीले कसैसँग पनि छलफल नगर्ने, मन लागेको निर्णय गरेर कार्यान्वयनका लागि पठाउने र प्रदेश सरकार सञ्चालनबारे मन्त्रीहरुसँग सामान्य छलफल पनि नगरी सबैले उनका निर्णय शिरोपर गर्नु पर्ने मानसिकताको उपज नै माओवादी मन्त्रीको विद्रोह हो । यो तत्काल माओवादीबाट शुरु भए पनि अरु मन्त्रीले पनि महसुस गरेको विषय हो ।*

*जे होस्, ढिलै भए पनि मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीको निर्णय एकलौटी, राजनीतिक बेइमानपूर्ण र सहमतिविपरीत छ भन्ने सन्देश दिन मन्त्री भरत साह सफल भएका छन् । मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीमा बरोबर विश्वासको मत पाइरहेका यादवलाई माओवादीलाई सहमतिको मन्त्रालय किन दिन नपरेको भनेर बताउन पनि सकेका छैनन् । अर्कातिर किन उनले अर्थमन्त्रीमा जसपाकै मन्त्री कायम राख्नु परेको पनि भन्न सकेका छैनन् । राजनीति सहमतीय हिसाबले अघि बढे सबैको सत्प्रयास हुनेछ, एउटा निर्णयमा सबै गर्लम्म लड्ने अवस्था आए एउटाको मूर्खता र मुढेबल भनेर इतिहासमा कलंकित बन्नु पर्नेछ । दुई विकल्पमा यादवले कुन रोज्लान्, प्रतीक्षाको विषय बनेको छ ।*

# समुदायको अग्रसरता र आगलागी नियन्त्रण



राजेश झा

> *“समुदाय तथा विद्यालयमा आधारित बालक्लबका सदस्यलाई आगलागीबाट जोगिने उपायबारे प्रशिक्षित गर्न पनि त्यतिकै जरुरी छ । बालबालिका तथा बालक्लबहरुमार्फत वडा तथा बस्ती तहसम्म आगलागीबाट जोगिन अपनाउनुपर्ने उपायबारे सन्देश पुऱ्याउनु आवश्यक छ । बस्तीका बाटा फराकिलो पार्नु, पोखरी तथा इनारको संरक्षण गर्नु, हरेक परिवारले बारीमा केराको बोट रोप्नु जस्ता उपाय अपनाउनु आवश्यक देखिन्छ ।”*

महोत्तरीको मटिहानी नगरपालिका–६ जरलहवा टोलमा वैशाख १२ गते भीषण आगलागी भयो । बस्ती नै सखाप हुने गरी भएको आगलागीमा एकसय घर पूर्णरूपमा जले । झन्डै एक करोड ६२ लाख ८५ हजार रुपैयाँको क्षति भएको मटिहानी नगरपालिकाको आँकलन छ।

सप्तरीको कञ्चनरुप नगरपालिका वडा नम्बर ५ पडेमारामा वैशाख ९ गते आगलागी हुँदा १६ परिवारको २४ वटा घर जल्यो । दलित तथा आदिवासी जनजातिको बसोबास रहेको पडेमाराको आगोले घरभित्र रहेका कतिपयको सपना पनि खरानी बनायो । यो बस्तीमा यसपटक लागेको आगो भने पहिलोपटक लागेको होइन । २०७६ सालदेखि निरन्तररुपमा हरेक वर्ष पडेमारामा आगलागी हुँदै आएको छ । २०७६ पछि यस वर्ष भने धैरै घरमा आगो लागेको हो । अग्नीपीडितहरु अहिले पनि बेघर नै छन् । हावाहूरी र लू लाग्ने गर्मीका बीच उनीहरु त्रिपालमुनि बस्न बाध्य छन् । योसँगै राजविराज नगरपालिका वडा नम्बर ९ मलेठ र छिन्नमस्ता गाउँपालिका वडा नम्बर ५ लोखरममा समेत आगलागी भयो । पछिल्लोपटक हरेक दिन कुनै न कुनै ठाउँमा आगलागी भइरहेको छ ।

हरेक वर्ष आगलागीमा परी सैयौँ घर खरानीमा परिणत हुने गरेको सप्तरीमा पछिल्ला केही वर्ष आगलागीका घटनामा एकदमै कमी आएको थियो । तर, २०८० सालको फागुनदेखि शुरु भएको आगलागीका घटनाले विस्तारै उग्र रुप लिँदै गएको देखिन्छ । महोत्तरीको मटिहानी नगरपालिकाको जरलहवा र सप्तरीको कञ्चनरुप नगरपालिकाको पडेमारामा भएको आगलागी नै मधेश प्रदेशको पछिल्लो केही वर्षको सबैभन्दा ठूलो आगलागीको घटना हो । आगलागीका अधिकांश घटना माघदेखि चैत महिनामा भएको देखिन्छ । आर्थिकरुपले मात्र होइन, आगोले सामाजिक र सांस्कृतिक रुपमा समेत नकारात्मक प्रभाव पार्ने गरेको छ।

नेपाल सरकारको तथ्यांकलाई हेर्ने हो भने प्रत्येक वर्ष आगलागी र डढेलोबाट ८० जनाले ज्यान गुमाउने गरेका छन् । नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको वैशाख १४ गतेसम्म देशभर ४ सय २६ ठाउँमा आगलागी भएको छ भने १० जनाले ज्यान गुमाएका छन् । पछिल्लो तीन आर्थिक वर्ष र चालु आर्थिक वर्षको वैशाख १४ गतेसम्म ३ हजार ७ सय ३३ वटा घर पूर्ण रुपमा जलेर नष्ट भएका छन् । आगलागीमा परेर ३ सय २५ जनाले ज्यान गुमाएका छन् भने १ हजार ३ सय ७९ जना घाइते भएका छन् । क्षतिको कुरा गर्दा पछिल्लो तीन वर्षमा आगलागीबाट ७ अर्ब २९ करोड २२ लाख ३८ हजार २ सय ७० रुपैयाँ बराबरको क्षति भएको प्रहरीको तथ्यांक छ।

आगलागीका अधिकांश घटना गोठमा लामखुट्टे भगाउन बालिने घुरबाट लाग्ने गरेको पाइएको छ । यसैगरी घरमा गरिने असुरक्षित र कमजोर वाइरिङका कारण समेत आगलागीका घटना बढ्दै गएको देखिएको छ । खाना पकाउने बेला आगो सल्केर आगलागी हुने घटनामा कमी आए पनि घुर र वाइरिङका कारण आगलागी हुने घटनामा वृद्धि हुँदै गएको छ । आगलागीका घटनालाई विभिन्न तरिकाले न्यूनीकरण गर्न सकिने भए पनि त्यसतर्फ सर्वसाधारण र जिम्मेवार निकायको ध्यान पुग्न सकेको देखिँदैन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालयलगायतका जिम्मेवार निकायले आगलागीबाट बच्ने उपाय र तरिकाबारे सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट सचेतनामूलक सन्देश प्रकाशन तथा प्रसारण गर्ने गरेको पाइन्छ । यसमा स्थानीय तहले समेत स्थानीय पत्रपत्रिका तथा एफएमका माध्यमबाट सन्देश प्रकाशन प्रसारण गर्ने गरेको पाइन्छ । तर, स्थानीयस्तरमा यसबाट खासै प्रभाव परेको देखिँदैन।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को न मा विपद् व्यवस्थापनका क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको कार्यहरु गर्नुपर्ने उल्लेख छ । विपद् जोखिम न्यूनीकरणसम्बन्धी स्थानीयस्तरका योजनाको तर्जुमा गरी कार्यान्वयन गर्ने, समुदायस्तरमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी स्थानीय सरकारको हो । तर यो बिषयगत क्षेत्र स्थानीय तहको प्राथमिकतामा नै पर्दैन ।

हावाहूरीको समयमा स्थानीय तहहरुले सचेनामूलक कार्यक्रमहरु, माइकिङ, प्रचारप्रसार गर्नुपर्ने हो तर यसतर्फ ध्यान पुगेको भने देखिँदैन । आगो लागेर सबै सखाप भएपछि मात्र राहत वितरण गर्ने प्रवृत्ति र परिपाटी छ । रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु बेश भने झैँ आगलागीका घटना हुन नदिनेतर्फ स्थानीय सरकार अग्रसर हुनु जरुरी छ । हुन त स्थानीय सरकार एक्लैले गरेर विपद्को जोखिम घट्ने होइन । यसका लागि समुदायस्तरबाटै सक्रिय सहभागिता हुनु जरुरी हुन्छ । सप्तरीमा पूर्वतयारी भन्दा पनि प्रतिकार्यका लागि गरिने कामहरुतर्फ मात्र ध्यान जान सकेको देखिन्छ ।

हरेक वडा र बस्ती तहसम्म विपद् व्यवस्थापनका लागि समिति गठन गर्नुपर्ने भनी कानूनी प्रावधान रहेको छ । सबै पालिकाले वडास्तर र बस्तीस्तरमा समिति गठन गरी विपद् व्यवस्थापनका पक्षमा प्रभावकारीरुपले काम गर्नु पर्ने आवश्यकता छ ।

आगलागी नियन्त्रण गर्न स्थानीय तहहरुले बारुण यन्त्रको व्यवस्थापन गर्नुपर्ने भनी स्थानीय सरकार सञ्चालन ऐनमै व्यवस्था छ । बारुण यन्त्र सञ्चालन कठिन नभए पनि त्यसको व्यवस्थापन पक्षमा लाग्ने खर्च नै सबैभन्दा ठूलो चुनौतिको विषय बनेको छ । १८ स्थानीय तह रहेको सप्तरीमा मात्र पाँच स्थानीय तहसँग आफ्नो बारुण यन्त्र छ । राजविराज नगरपालिकासँग रहेका दुई बारुणयन्त्र बिग्रिएकाले थन्काइएको छ । दुई वा सो भन्दा बढी स्थानीय तह मिलेर साझेदारीमा बारुण यन्त्र सञ्चालन गर्न सकिने प्रावधान रहे पनि त्यसतर्फ स्थानीय तहहरुले पाइला चालेको छैन ।

गोठमा बालिने घुरलाई व्यवस्थित गर्न सके, फुसको गोठमा कम्तीमा तीन फिटसम्म टाटीमा माटोले लिपपोत गर्न सके घुरबाट हुने आगलागीको घटनामा कमी ल्याउन सकिनेतर्फ सबैले ध्यान पुऱ्याउनु जरुरी देखिन्छ । हावाहूरीका बेला खाना नपकाउने, चुलोमा रहेको आगो निभाउने, जथाभावी आगो नबाल्नेतिर सबै सचेत हुनु जरुरी छ । असुरक्षित र कमजोर वाइरिङको साटो सुरक्षित र भरपर्दो वाइरिङ गरी सर्ट सर्किटबाट हुने गरेको आगलागीको घटना कम गर्न सकिनेतर्फ स्थानीय तहले प्रभावकारी रुपमा सन्देश प्रवाह गर्नुपर्ने खाँचो छ ।

स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रिया अन्तर्गत बस्तीस्तरबाट योजना संकलन कार्य वैशाखबाट शुरु हुने गरेको छ । स्थानीय तहहरु त्यसमा पनि लागेको अवस्था छ । पालिकाहरुले आगामी वर्षको योजना बनाइरहँदा आगलागीले मुलुक नै आक्रान्त बनेको छ । आगामी वर्षको योजनामा आगलागीले जोखिम निम्त्याउन सक्ने बस्ती पहिचान गरी आगलागी हुन नदिन अपनाउनुपर्ने उपायलाई योजनाका रुपमा वार्षिक योजनामा समावेश गर्न आवश्यक छ । विपद्ले प्रभाव पार्नसक्ने सम्भावित ठाउँ, समुदाय तथा क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विपद् आउनुअघि गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापलाई वडास्तरबाटै योजनामा समावेश गर्नुपर्ने देखिन्छ । जोखिममा रहेका बस्तीको जोखिम नक्सांकन गरी पूर्वतयारीका योजना निर्माणका साथै त्यस्ता बस्तीका लागि निकास योजनासमेत तयार गरी त्यसबारे समुदायलाई सूसुचित गरिनु जरुरी रहेको देखिन्छ

समुदाय तथा विद्यालयमा आधारित बालक्लबका सदस्यलाई आगलागीबाट जोगिने उपायबारे प्रशिक्षित गर्न पनि त्यतिकै जरुरी छ । बालबालिका तथा बालक्लबहरुमार्फत वडा तथा बस्ती तहसम्म आगलागीबाट जोगिन अपनाउनुपर्ने उपायबारे सन्देश पुऱ्याउनु आवश्यक छ । बस्तीका बाटा फराकिलो पार्नु, पोखरी तथा इनारको संरक्षण गर्नु, हरेक परिवारले बारीमा केराको बोट रोप्नु जस्ता उपाय अपनाउनु आवश्यक देखिन्छ ।



समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति, प्राथमिक उपचार समिति गठन गर्ने प्रावधान ऐनमै छ । स्थानीय तहले यस्ता समिति गठन गर्न आवश्यक छ । समिति गठन गरी आवश्यकतानुसार क्षमता विकाससमेत गरिनु पर्दछ । समुदायस्तरमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना जगाउनुका साथै जोखिम न्यूनीकरण तथा विपद्को अवस्थामा जनधनको सुरक्षा कसरी गर्ने भन्नेसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन आवश्यक हुन्छ ।

कुनै पनि विपद्बाट सबैभन्दा बढी बालबालिका, महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति प्रभावित हुने गर्दछन् । बालबालिका विपद्बाट प्रभावित हुने वर्ग मात्र होइनन्, उनीहरु विपद्को जोखिम न्यूनीकरण गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने वर्ग पनि हुन् । त्यसैले आगलागीका घटनामा कमी ल्याउन बालबालिकामार्फत सन्देश प्रवाह प्रभावकारी माध्यम हुन सक्छ । बालक्लब तथा बालबालिकालाई परिचालन गर्न सके त्यस्ता घटनामा कमी ल्याउन सकिन्छ । किनभने बालबालिका परिवर्तनका संवाहक पनि हुन् ।

भनिन्छ, विपद् हुँदैन भारी, जब हुन्छ पूरा तयारी । पूर्वतयारी गर्न सकेमा विपद्बाट हुने क्षतिलाई कम गर्न सकिन्छ । ‘घरमा आगो लागेको देखेँ, सामान के जोगाउनु सानो बच्चा लिएर भागेँ, घरबाट बच्चाले लगाउने कट्टुसमेत निकाल्न सकिनँ,’ कञ्चनरुप नगरपालिका वडा नम्बर ५ पडेमाराकी अग्नीपीडित ममता सरदारले दुःखेसो पोखिन्, ‘हेर्दाहेर्दै एकै छिनमा आगोले मेरो मात्रै होइन टोल नै सखाप पाऱ्यो ।’ आगलागीबाट जोगिन समयमै सचेत भए पडेमाराकी ममता सरदार जस्तो दुःख भोग्नु पर्दैन । (झा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत हुन्)

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# गण्डकीका चार सय ६७ स्थानमा डढेलो

गण्डकी प्रदेशका विभिन्न चार सय ६७ स्थानमा डढेलो लागेको छ । प्रदेश वन निर्देशनालयका अनुसार हालसम्म करिब आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको छ । सुक्खा याम लम्बिँदा डढेलोका घटना अझै बढ्ने देखिएको निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले बताए ।

हिमालपारिको जिल्ला मुस्ताङबाहेक प्रदेशका दशवटै जिल्लामा डढेलोका घटना भएको निर्देशनालयले जनाएको छ । सबैभन्दा बढी नवलपुरमा झण्डै २ हजार ५ सय ५३ हेक्टर र सबैभन्दा कम मनाङमा दुई हेक्टर वन क्षेत्रमा डढेलो लागेको हो । सबैभन्दा बढी म्याग्दीमा ८१ र मनाङमा एक स्थानमा डढेलो लागेको वन अधिकृत थापाले बताए ।

नवलपुरमा ८० स्थानमा, पर्वतमा ५५, बागलुङमा ५२, स्याङ्जामा ५२, गोरखामा ५१, कास्कीमा ४५, तनहुँमा २६ र लमजुङमा २४ स्थानमा डढेलो लागेको उनको भनाइ छ । नवलपुरपछि सबैभन्दा बढी बागलुङमा १६ सय ८५ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको छ । पर्वतमा १ हजार ४ सय १६ हेक्टर, म्याग्दीमा नौ सय २२, कास्कीमा सात सय ५०, स्याङ्जामा चार सय ९७, गोरखामा दुई सय १५, तनहुँमा एक सय ८४ र लमजुङमा ५१ हेक्टर वन क्षेत्रमा डढेलो लागेको निर्देशनालयले जनाएको छ । डढेलोले धनजनकोसमेत क्षति निम्ताएको वन अधिकृत थापाले बताए । बागलुङको तमानखोला गाउँपालिकामा डढेलो निभाउने क्रममा एक जनाको ज्यान गएको र दुई जना घाइते भएको उनको भनाइ छ । ताराखोला गाउँपालिकामा स्थानीयवासीको घरगोठ जलेको र पशुधनको क्षति भएको उनले बताए । म्याग्दीमा पनि डढेलो नियन्त्रणमा लिने क्रममा एक जना घाइते भएको जनाइएको छ । निर्देशनालयका अनुसार डढेलोबाट नवलपुरमा ८५ क्यूफिट काठ र एक चट्टा दाउरा क्षति भएको छ । वन क्षेत्रमा हुने बोटबिरुवा, वन्यजन्तु, काठ र दाउराको क्षति भने आँकलन नै गर्न नसकिने वन अधिकृत थापाले बताए । ‘डढेलोले वन क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी भइरहेको हुन्छ, डढेलो अनियन्त्रित भएर मानव बस्तीतिर सर्दा पनि धनजनकोसमेत क्षति हुन्छ,’ उनले भने ।

डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुऱ्याइरहेको वन अधिकृत थापाले बताए । नेपालमा मुख्य गरी फागुनदेखि जेठसम्ममा डढेलोका घटना बढी हुने गरेको उनको भनाइ छ । वन तथा वातावरण मन्त्रालयका उपसचिव प्रकाश थापाले गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको उनको भनाइ छ । हिउँदे वर्षा नहुनु, हावाहूरीको याम जस्ता कारणले पनि डढेलोले प्रश्रय पाउने गरेको उपसचिव थापाले बताए ।

मानवीय कारणले नै डढेलो लाग्ने गरेको उनको भनाइ छ । ‘५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापरबाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ,’ उपसचिव थापाले भने, ‘पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको प्रकोप बढिरहेको देखिन्छ ।’ आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रुप लिने गरेको उनको भनाइ छ । वन डढेलोका बहुअसर रहेको उपसचिव थापाले बताए । ‘डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै वातावरणीय प्रदूषण निम्त्याउँछ,’ उनले भने, ‘डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा भूमिका खेलिरहेको हुन्छ ।’ डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, जनजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तने गरेको उनको भनाइ छ । डढेलोले भूक्षय, बाढीजस्ता प्राकृतिक विपत्का घटना पनि बढाउने उपसचिव थापाले बताए । बर्सेनि बढिरहेको डढेलोको प्रकोप नियन्त्रणका लागि राज्यले पर्याप्त जनशक्ति, उपकरण र स्रोतसाधनको प्रबन्ध गर्नुपर्ने उपसचिव थापाले बताए । डढेलो लगाउने व्यक्तिलाई कानूनबाट दण्डित गर्ने गरिए पनि यसमा कमी आउन नसकेको उनको भनाइ छ । जनचेतना फैलाउने र प्रचारप्रसारका काम गर्नुपर्ने उनले बताए । सुक्खायामपूर्व नै डढेलो संवेदनशील क्षेत्रबाट पातपतिङ्गरलगायत जल्ने पदार्थ हटाउनुपर्ने उपसचिव थापाले बताए । ‘वनमा अग्नि रेखाको निर्माण, सरसफाइ जस्ता कार्य नियमित गर्नुपर्छ,’ उनले भने, ‘डढेलो नियन्त्रणका लागि जनसहभागिता जुटाउनुपर्छ ।’ रासस

# लगानी प्रवर्द्धनको वातावरण सृजना गरिनेछः अध्यक्ष ओली

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको समृद्धिका लागि कानुनी सहजीकरण तथा सबै प्रकारका उचित वातावरण सृजना गर्न आफ्नो पार्टी दृढ रहेको बताएका छन् । तेस्रो लगानी सम्मेलनको समापनसत्रलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले आफ्नो पार्टी स्वदेशी र विदेशी निजी क्षेत्रका लगानी प्रवर्द्धनका लागि संशोधित कानुनको प्रभावकारी कार्यान्वयन तथा उचित वातावरण सृजनाका पक्षमा दृढ रहेको स्पष्ट पारे ।



उनले लगानी सम्मेलन नेपालका राजनीतिक दल र विकास साझेदारबीचको सहकार्य बढाउने एक उपयुक्त माध्यम भएको बताए । सन् २०१९ मा आफू सरकारको नेतृत्वमा हुँदा भएको दोस्रो लगानी सम्मेलनको स्मरण गर्दै अध्यक्ष ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाबमोजिम स्वदेशी र विदेशी निजी क्षेत्रको लगानीलाई अभिवृद्धि गर्ने ध्येय राखिएको जानकारी गराए । 'त्यसबेला पनि आफूले विभिन्न कानुनमा संशोधन गरेको र श्रम विवादका विषय समाधान गरेका थियौँ, यो सम्मेलनबाट आएका सुझावलाई कार्यान्वयन गराउन हामी पनि भूमिका निर्वाह गर्नेछौँ', अध्यक्ष ओलीले भने, 'यो सरकार परिणाममूलक काम गर्ने स्पष्ट खाकासहित अगाडि बढेको छ ।
यसले सन् २०३० सम्ममा नेपाललाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । त्यसैले निर्धक्क भएर नेपालको समृद्धिको यात्रामा सघाउन र लगानी गर्न आग्रह गर्दछु ।'

# हतियारसम्बन्धी गठित समितिको प्रतिवेदन कार्यान्वयन हुन्छः गृहमन्त्री

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेसमक्ष हतियारको इजाजत तथा नवीकरणसम्बन्धी छानबिन समितिले आफ्नो प्रतिवेदन बुझाएको छ । सोमबार प्रतिवेदन बुझ्दै उपप्रधान एवम् गृहमन्त्री रवि लमिछानेले छानबिन समितिको प्रतिवेदनले औँल्याएका सुझाव र सिफारिस कार्यान्वयन गरिने बताए । व्यक्तिसँग रहेका हातहतियारको दुरुपयोग हुन नदिन र सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिन चैत १५ गते गृह मन्त्रालयका सहसचिव राजेन्द्रदेव पाण्डेको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरिएको थियो । गृहमन्त्रालयद्वारा गठित उक्त समितिले गृहमन्त्री लामिछानेलाई बुझाएको प्रतिवेदनमा व्यक्तिगत रुपमा हतियारको इजाजत प्राप्त गर्ने मापदण्ड, कानुनमा गर्नुपर्ने सुधार, अभिलेख व्यवस्थापनका लागि गर्नुपर्ने कार्य, घटनामा संलग्न व्यक्तिलाई गर्नुपर्ने कारबाहीलगायत विषयमा सुझाव तथा सिफारिस गरिएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।
विसं २०८० चैत ५ गते सर्वोच्च अदालत परिसरमा जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०७५ असार २१ मा जारी भएको इजाजतपत्र २२ बोर ए–३५४७५२ हतियार फेला परेपछि उपप्रधान एवम् गृहमन्त्रीस्तरीय निर्णयबाट छानबिन समिति गठन भएको थियो । मेडिकल व्यवसायी दुर्गा प्रसाईंका सुरक्षागार्डसँग उक्त हतियार फेला परेको थियो ।
सर्वोच्च अदालत परिसरमा फेला परेको हतियार कानुनले तोकेअनुसार इजाजत दिन मिल्ने खालको नदेखिएको र इजाजत दिने निर्णयमा समेत देशभर लैजान पाउने गरी इजाजत नदिइएको प्रतिवेदनमा उल्लेख छ ।
सर्वोच्चले उक्त विषयमा छानबिन गर्न आदेश दिएको थियो । देशभर हतियारको इजाजतपत्र दिँदा, नवीकरण वा नामसारी गर्दा विद्युतीय प्रणालीको केन्द्रीय अभिलेखमा राख्न र नियमन गर्नसमेत प्रतिवेदनमा सुझाव दिइएको छ ।

# सबै योजना जेठ मसान्तभित्र सम्पन्न गर्छौं: मुख्यमन्त्री कँडेल



**रासस**
**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले चालू आर्थिक वर्षका सबै योजना जेठ मसान्तभित्र सम्पन्न गर्नेगरी सरकार अगाडि बढिरहेको बताएका छन् ।
प्रदेशसभाको सोमबारको बैठकमा उनले विगतमा जस्तो अब असारमा योजना कार्यान्वन गर्ने पक्षमा आफू नरहेको बताए । 'जेठ मसान्तभित्र सबै कामहरु गरिसक्ने गरी सरकार अगाडि बढिरहेको छ । मेरो नेतृत्वको सरकार असार महिनामा कुनै पनि ठेक्का लगाउने र योजना कार्यान्वयन गर्ने पक्षमा छैन', मुख्यमन्त्री कँडेलले सभामा भने । उनले चालु आवका विभिन्न योजना शीर्षकमा बाँकी रहेको रकम प्राथमिकताका आधारमा क्रमागत र बहुवर्षे योजनामा खर्च गर्न आफू तयार रहेको समेत बताए । मुख्यमन्त्री कँडेलले सबैले अनुभूत गर्ने गरी सरकारले काम गर्ने र सङ्घीय सरकारलाई बजेट विनियोजनका लागि पठायएका योजनामा समेत आफूले त्यही मान्यतालाई अनुशरण गरेको बताए ।

# ठूला आयोजना अगाडि बढाउँदैछौँः ऊर्जामन्त्री

**रासस**
**काठमाडौँ ।**
ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले ठूला क्षमताका जलविद्युत् आयोजना निर्माण सुरु गर्ने अवस्थामा रहेको बताएका छन् । लगानी सम्मेलनको दोस्रो दिन सोमबार ऊर्जा क्षेत्रका सम्बन्धमा आयोजित छलफलमा उनले एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी, छ सय ३५ मेगावाट क्षमताको दुधकोशी निर्माणमा जाने अन्तिम तयारीमा रहेको बताए । उनले चार सय १७ मेगावाट क्षमताको नलसिंह गाड, एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण पनि निर्माणमा जाने अन्तिम तयारीमा रहेको जानकारी दिए । मन्त्री बस्नेतले ती आयोजना आन्तरिक रुपमा बिजुलीको सहज आपूर्तिका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गर्दै निर्यातका लागि समेत योग्य रहेको बताए । दर्जनौ जलविद्युत् आयोजना, सौर्य परियोजना पाइपलाइनमा रहेको जानकारी दिँदै मन्त्री बस्नेतले ती आयोजना सम्पन्न भएपछि नेपालको नवीकरणीय ऊर्जा क्षेत्रले नयाँ फड्को मार्ने र दिगो भविष्यका लागि समेत योग्य रहने स्पष्ट पारे । ऊर्जा क्षेत्रमा लगानी भित्र्याउनका लागि सरकारले ग्रीन बण्डको अवधारणामा काम गरिरहेको र त्यसमार्फत यस क्षेत्रमा थप लगानी विस्तार गर्ने बताए । सरकारले सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्यसहित ऊर्जा मार्गचित्र तयार पारेको जानकारी दिँदै त्यसका लागि ४६ खर्ब रुपैयाँ बराबरको लगानी जरुरी रहेको स्पष्ट पारे । सरकारले नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली, नौ सय मेगावाट क्षमताको अरुण तेस्रो, सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती र चार सय ५० मेगावाट क्षमताको एसआर–६ परियोजनालाई प्रक्रियामा अगाडि बढाएको जानकारी दिए ।सरकारले सन् २०४५ सम्म शुन्य कार्बनको नीति अख्तियार गरेको जानकारी दिँदै अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धताअनुसार नै काम गर्ने विश्वास दिलाए । विश्व जलवायु कोष र ग्रीन फण्डमार्फत जलविद्युत् आयोजना र प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढाउन सकिने उनको कथन छ । विद्युत् व्यापारका लागि भारततर्फ विभिन्न पाँच वटा उच्च क्षमताका प्रसारण लाइन निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको र सन् २०३५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको जानकारी दिए । मन्त्री बस्नेतले ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा रहेको, बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणमा अगाडि बढेको उल्लेख गर्दै मन्त्री बस्नेतले दुह्वी–पूर्णिया र दोदोधारा–बेरेली प्रसारण लाइन निर्माणलाई प्रक्रियामा लैजान लागिएको बताए । कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रमा उत्पादनमा मात्र नभएर प्रसारण र वितरण पूर्वाधारमा पनि लगानीको राम्रो अवसर रहेको बताए ।



उनले निजी क्षेत्रले प्रसारणलाइन निर्माणमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै निजी क्षेत्रले आन्तरिक र अन्तरदेशीय प्रसारणलाइन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने पनि बताए । उनले निजी क्षेत्रले प्रसारणलाइन निर्माण र सञ्चालनको अवसर पाए विद्युतको विश्वसनीयता बढाउँदै चुहावट घटाउन पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गरे । 'दक्षिण एसियामा ऊर्जाको माग भएका देशहरुमा क्रसबोर्डर लाइन र ऊर्जा परियोजनाको ठूलो सम्भावना छ । निजी क्षेत्रको सहभागीताले क्रसबोर्डर लाइन निर्माण, विद्युत् निर्यात र प्रविधि हस्तान्तरणलगायतलाई मुर्तरुप दिन सकिन्छ', कार्कीले भने, 'तर, प्रसारणलाइन निर्माणमा पनि वन तथा वातावरण, जग्गा प्राप्ति र प्रक्रियागत झन्जटहरुसँग जुध्नुपर्ने समस्या छ ।' अध्यक्ष कार्कीले आन्तरिक तथा अन्तरदेशिय विद्युत् व्यापारमा पनि निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने बताए । त्यसका लागि निजी क्षेत्रले पूर्वाधार निर्माण गरेर, बजार अध्ययन, जोखिम अध्ययन, सहलगानी खोजी र पोलीसी लविइङलगायतका काम गरिरहेको उनले जानकारी गरानुभयो । निजी क्षेत्रले विद्युत् व्यापारका लागि इक्विटी, ऋण, प्रविधि, सञ्चालनलगायतका पार्टनरसिप मोडलमा काम गरिरहेको पनि कार्कीले बताए । नेपालको स्वच्छ र हरित ऊर्जाको लागि रणनीतिक योजना बनाउँदै यस क्षेत्रको दीगो विकासका लागि पनि निजी क्षेत्रले योजना बनाइरहेको छ । नेपालमा निजी क्षेत्रको लागि विद्युत् उत्पादनमा मात्र नभएर प्रसारण तथा वितरण पूर्वाधार निर्माण, ऊर्जा दक्षता र विद्युत् व्यापारमा निकै ठूलो सम्भावना भएकोले नेपालको ऊर्जा क्षेत्रमा लगानी भित्राउन विदेशी लगानीकर्तालाई कार्कीले आग्रह गरे । स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्नका लागि सरकारले केही कुरामा ध्यान दिनुपर्ने भन्दै कार्कीले हाम्रो नीतिमा स्थायित्व र स्पष्टता हुनुपर्ने, सरल प्रक्रिया अवलम्बन गर्नुपर्ने, लगानीको सुरक्षा गर्नुपर्ने बताए । यस्तै, पूर्वाधार निर्माणमा सहयोग, जोखिम न्यूनीकरणका संयन्त्र, सहज स्वदेश फिर्तीको व्यवस्थालगायतका कुरामा ध्यान दिनुपर्ने पनि अध्यक्ष कार्कीको कथन छ । कार्यक्रममा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्रालयका सहसचिव सागरराज गौतमले कार्यपत्र प्रस्तुत गरेका थिए ।

# आगामी बजेटले जोखिममा परेका महिला बालबालिकालाई समेट्छः चौधरी




**रासस**
**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले अबको बजेटले जोखिममा परेका, द्वन्द्वपीडित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिलाई समेट्ने बताएकी छन् । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालले आयोजना गरेको 'संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सामूहिक भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले त्यस्तो बताएकी हुन् । मन्त्री चौधरीले द्वन्द्वपीडित महिला तथा बालबालिकाकै लागि भनेर बजेट नतोकिएको भए पनि बजेटको सीमितताका कारण समस्या उत्पन्न हुने गरेको उल्लेख गर्दै भने, 'अहिले बजेट निर्माणको क्रममा छ, सोही सन्दर्भमा अब आउने बजेट पनि महिलामैत्री, जोखिममा परेका मैत्री, बालबालिका मैत्री, अपाङ्गतामैत्री, यौनिक लैङ्गिकमैत्री छ कि छैन भनेर हामीले ध्यान दिन्छौँ ।' अन्तरक्रिया कार्यक्रमले निकालेका निष्कर्ष उपलब्ध गराउन आग्रह गर्दै मन्त्री चौधरीले ती कुरालाई मन्त्रालयले आगामी दिनमा नीति निर्माण तहमा अगाडि बढाउने प्रतिबद्धतासमेत व्यक्त गरे । मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको सरकारले निःशुल्क बीमा गरिदिने कार्यक्रम ल्याउने तयारी गरिएको भन्दै उनले अहिले महिला, बालबालिकाका लागि बनेका ऐन कानुन परिमार्जन गर्नका लागि लागिरहेको बताए । यो बजेटमा समेट्ने गरी 'छोरी आत्मनिर्भर कार्यक्रम' ल्याउने तयारी गरिएको र त्यसका लागि प्रधानमन्त्रीले स्वीकृति दिइसकेको भन्दै उनले यो कार्यक्रम ल्याउन सकेमा पीडामा परेका, उत्पीडित, आर्थिक अवस्था कमजोर भएका महिलालाई केही रूपमा भए पनि राहत मिल्ने उनले बताए । 'विशेष गरी मैले यो बजेटमा छोरी आत्मनिर्भर कार्यक्रम अगाडि सारेको छु, त्यसका लागि प्रधानमन्त्रीले स्वीकार गरिसक्नुभएको छ' मन्त्री चौधरीले भने, 'त्यो कार्यक्रम प्रत्येक वडामा कम्तीमा पनि १० जना महिलालाई समेट्ने गरी आउनेछ, बीउपुँजी सहितको क्षमता अभिवृद्धिलगायत सबै प्याकेजको रूपमा दिनेगरी कार्यक्रम ल्याउने योजना छ ।' उनले मुलुकभरका सबै वडामै जानुपर्छ भनेर योजना बनाएको र करिब १६ अर्बको बजेट प्रस्ताव गरिएको जानकारी दिए । मन्त्री चौधरीले द्वन्द्वमा पीडित भएका महिला तथा बालबालिकालाई कसरी न्याय दिने ? उनीहरूको पीडामा कसरी मलम लगाउने भन्ने महत्वपूर्ण विषय भएको उल्लेख गर्दै पीडितको सुरक्षामा पनि ध्यान दिन आवश्यक रहेको बताए । राज्यले नै ऐन, नियम कानुन ल्याइदिएमा पीडितको न्याय निरूपणमा सहज हुने भन्दै उनले भर्खरै सम्पन्न भएको सिएसडब्ल्यूको ६८औँ सेसनमा सहभागी भएर राज्यको तर्फबाट समग्रमा नेपाली महिलाको अवस्था र पीडित महिलाको अवस्थाका विषयमा प्रतिवेदन प्रस्तुत गरिएको जानकारी दिए । राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले द्वन्द्वमा सबैभन्दा बढी महिला र बालबालिका नै पीडित भएको हुनाले केही फोरमको नेतृत्व महिलाले गर्नुपर्ने बताए । उनले द्वन्द्वको घाउ महसुस गर्न, बुझ्न नसकेका कारण दुई वटा आयोगले काम गर्न नसकेको भन्दै उनले अब बन्ने आयोगमा महिलाले नेतृत्व गर्नुपर्नेमा जोड दिए । उनले भने, 'मानवअधिकार राष्ट्रिय कार्ययोजना, १३२५ र १८२० लाई हेरेर योजना निर्माण गरियोस्, यसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने सन्दर्भमा विविध पक्षलाई ध्यान दिइनुपर्छ ।' प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिका सचिव इन्द्रविलास पौडेलले द्वन्द्वका बाछिटा अझैपनि बाँकी रहेको भन्दै यसलाई सबै मिलेर टुङ्गो लगाउन आवश्यक रहेको बताए । त्यस अवसरमा बोल्दै द्वन्द्वपीडित व्यक्तिले द्वन्द्वमा पीडा भोगेका र भोग्न बाध्य बनाइएका महिला दिदीबहिनीका लागि उनीहरूको जीवनलाई सहज बनाउन र शान्ति सुरक्षा व्यवस्था गर्न अहिले पनि राज्य अभिभावक बन्न नसकेको बताएका थिए ।
सङ्घीय सरकारको तर्फबाट महिला मन्त्रालय अभिभावक भए पनि महिला, अपाङ्गता भएका, ज्येष्ठ नागरिकका क्षेत्रको बजेट एउटै डालोमा हालिदिँदा द्वन्द्वमा पीडित भएकाले बजेट नपाएको गुनासो गरेका थिए । द्वन्द्वपीडित महिलाले लामो समयदेखि न्याय नपाएको भन्दै उनीहरूले द्वन्द्वपीडितसँग सम्बन्धित सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन अहिलेसम्म पनि टुङ्गो लाग्न नसकेको भन्दै उनीहरूले ऐन द्वन्द्वपीडित मैत्री नभएको बताएका थिए । कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख तथा प्रतिनिधिले यस विषयमा रणनीतिक योजना बनाएर अगाडि बढ्नुपर्ने बताएका थिए । स्थानीय सरकारलाई काम गर्नका निम्ति केन्द्रबाट निर्देशन गरिए पनि समानीकरणका अनुदान बजेट काटिँदा काम गर्न समस्या उत्पन्न भएको भनाइ राखेका थिए ।

# चिनियाँ सुरक्षा मञ्जुरी प्राप्त गरेपछि मस्क बेइजिङबाट प्रस्थान



**एएफपी**
**बेइजिङ ।**
आफ्नो कम्पनीलाई चिनियाँ अधिकारीहरूबाट महत्त्वपूर्ण तथ्याङ्क सुरक्षा मञ्जुरी प्राप्त भएपछि अर्बपति एवम् टेस्लाका प्रमुख कार्यकारी (सिइओ) एलन मस्क सोमबार बेइजिङबाट प्रस्थान गरेका छन् ।

एक वर्षभन्दा पनि कम समयमा आफ्नो दोस्रो चीन भ्रमणका क्रममा आइतबार मस्क बेइजिङ पुगेका थिए । विश्वको सबैभन्दा ठूलो विद्युतीय कार बजार चीनमा आफ्नो कम्पनीको भाग्य बढाउनका लागि काम गर्न उनले प्रधानमन्त्री ली कियाङसहित शीर्ष अधिकारीहरूसँग भेट गरेका थिए ।

सोही दिन चीनको तथ्याङ्क सुरक्षा आवश्यकतारू पूरा गर्ने टेस्लाको स्थानीयरूपमा उत्पादित मोडेलहरू विद्युतीय सवारीहरूमा सूचीबद्ध भएका छन् । मस्क दिउँसो एक बजे बेइजिङ क्यापिटल विमानस्थलमा आफ्नो निजी जेटमा सवार भएका थिए । ब्लुमबर्गका अनुसार अमेरिकी विद्युतीय कार कम्पनी टेस्ला नक्सा र नेभिगेसन सुविधाहरूका लागि टेक टाइटन बाइडुसँग मिलेर चीनमा आफ्नो सहायक ड्राइभिङ प्रविधिको उपयोग गर्नका लागि सरकारको स्वीकृति नजिक पुगेको छ । बिवाइडीजस्ता घरेलु कम्पनीहरूसँग तीव्र प्रतिस्पर्धा गरे पनि टेस्ला चीनमा सबैभन्दा धेरै बिक्री हुने विद्युतीय सवारीमध्ये एक बनेको छ । यद्यपि उसले कडा तथ्याङ्क र गोपनीय कानुनको पालना गर्न आवश्यक 'फुल सेल्फ ड्राइभिङ (एफएसडी)' जस्ता सुविधाहरूका साथ आफ्नो बिक्रीलाई बढाउन कोसिस गरिरहेको छ । चाइना एसोसिएसन अफ अटोमोबाइल्स मेनुफेक्चरर्स (सिएएएम) ले सन् २०२३ नोभेम्बरदेखि राष्ट्रिय कम्प्युटर सुरक्षा नियामकसँग मिलेर सवारी साधनको व्यक्तिगत जानकारी र कारको बाहिरी मुखाकृतिको रेकर्डिङलगायत कसरी तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने भन्नेबारे परीक्षण गरेको बताएको छ ।

'तीमध्ये छ कम्पनी (बिवाइडी, ली अटो, लोटस, होजोन अटो, टेस्ला र एनआइओ) का ७६ मोडलले अटोमोटिभ तथ्याङ्क सुरक्षाका चार अनुपालन आवश्यकताहरू पूरा गर्दछन्', सिएएएमले विज्ञप्तिमा भनेको छ । साङ्घाईको विशाल कारखानामा निर्मित टेस्लाको मोडल ३ र मोडल वाइ सूचीमा थियो । कम्पनीको उन्नत सहायक ड्राइभिङ सुविधाले उसका कारहरूलाई पूर्णरूपमा स्वायत्त बनाउँदैन र टेस्लाले उसको अटोपाइलट र एफएसडी क्षमताहरूको प्रयोग ड्राइभरको सुपरीवेक्षणमा प्रयोग गर्नका लागि भएको बताएको छ । कम्पनीले एफएसडी अमेरिकामा आठ हजार डरल वा मासिक ९९ डलरको सदस्यतामा बिक्री गर्दछ । चीनमा एफएसडी र बाइडुसँग कथित साझेदारीका बारेमा एएफपीले गरेको प्रश्नमा टेस्लाले तत्काल जवाफ दिएको छैन । यसै महिनाको प्रारम्भमा आफ्नो सामाजिक सञ्जाल एक्समा एक प्रश्नको जवाफमा मस्कले चीनमा एफएसडीको उपलब्धता 'चाँडै नै सम्भव हुनसक्ने' बताएका थिए ।

# शाही अपमानका कारण थाई नागरिकलाई कारागार सजाय

**एएफपी**
**बैङ्कक ।**
थाइल्यान्डको एक अदालतले सोमबार मुलुकका प्रमुख प्रजातन्त्र कार्यकर्तामध्येका एकलाई शाही अपमानको आरोपमा थप दुई वर्षको कारागार सजाय सुनाएको छ । प्रख्यात मानवअधिकार वकिल अर्नोन नम्पाविरुद्ध लगाइएको यो पछिल्लो आरोप हो । उनले अहिले १० वर्षभन्दा धेरै कारागार सजायको सामना गरेका छन् । सन् २०२१ मा फेसबुकमा पोस्ट गरिएको तीन सन्देशका लागि जनवरीमा चार वर्षको कारागार सजाय सुनाइएपछि उनी हाल कारागारमा छन् । यसमा उनले पहिला नै लेज–मेजेस्टे (शासकको मर्यादा उल्लङ्घन गर्ने अपराध) का लागि चार वर्षको सजाय भोगिरहेका छन् । सरकारले असहमतिलाई दबाउन कठोर कानूनको प्रयोग गरेको र राजा महा वजिरालोङ्कर्न तथा उनका परिवारको रक्षा गर्ने कठोर कानूनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएको आलोचकहरूले बताएका छन् । बैङ्ककको आपराधिक अदालतले थाइल्यान्डको शाही मानहानि कानूनमा संशोधनका लागि सन् २०२१ मा ह्यारी पोर्टर–थिम र्यालीमा आह्वान गरेकामा अर्नोनलाई दुई वर्ष २० दिनको कारागार सजाय सुनाइएको थियो । थाई लयर्स फर ह्युमन राइट्सले उनलाई लेज–मेजेस्टेको उल्लङ्घन, आपत्कालीन आदेशको अवहेलना र बिनाअनुमति लाउडस्पिकरको प्रयोगसहित चार आरोपमा दोषी पाएको बताएको छ । सन् २०२० मा थाइल्यान्डका युवाहरूको नेतृत्व गर्ने लोकतन्त्र समर्थक विरोध प्रदर्शनमा राजतन्त्रको सुधारका लागि अभूतपूर्व आह्वान गर्न हजारौँ मानिस सडकमा उत्रिएका थिए । अर्नोनलाई सजाय सुनाउँदै आपराधिक अदालतले लाउडस्पिकर प्रयोग गरेकामा एक सय ५० भाट जरिवानासमेत गरेको थियो । हालैका वर्षहरूमा लेज मेजेस्टे कानूनअन्तर्गत आरोप लगाइएका एक सय ५० भन्दा बढी कार्यकर्तामध्ये अर्नोन एक हुनुहुन्छ । लेज मेजेस्टेलाई फौजदारी संहिताको प्रासङ्गिक खण्डपछि '११२' भनिन्छ ।

# लुम्बिनीले जित्यो उपाधि




**मधेशदृष्टि**
**वीरगंज ।**
वीर गणेशमान सिंह राष्ट्रिय टी–२० क्रिकेटको उपाधि लुम्बिनी प्रदेशले जितेको छ । सोमबार भएको फाइनल खेलमा लुम्बिनीले कर्णाली प्रदेशलाई ३१ रनले हरायो । लुम्बिनीले दिएको १ सय १७ रनको लक्ष्य पछ्याएको कर्णाली १५ ओभर ३ बलमा ८५ रनमा अल आउट भयो ।

कर्णालीका विपिन शाहीले सबैभन्दा धेरै २८ रन बनाए । यस्तै विपिन रावलले २३, दीपेन्द्र रावतले नट आउट १२ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कर्णालीका ४ जना खेलाडीले १ रन पनि जोड्न सकेनन् । लुम्बिनीका अभिषेक गौतमले ५, नर सार्कीले २ तथा कप्तान देव खनाल र निर्मल गुरुङले समान १ विकेट लिए । यसअघि मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी प्रदेशले २० ओभरमा ९ विकेट गुमाएर १ सय १६ रन बनायो । लुम्बिनीका मृनल गुरुङले २७, विराट भण्डारीले २६, कृष्ण कार्कीले २२ रन बनाए । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कर्णालीका उनिश ठकुरीले ३ तथा दिनेश अधिकारी र दिवन पुनले समान २ विकेट लिए । यस्तै प्रकाश जैशीले १ विकेट लिए । राष्ट्रिय टी–२० क्रिकेट प्रतियोगितामा ७ प्रादेशिक टोली सहभागी थिए । वीर गणेशमान सिंह फाउन्डेशनले प्रतियोगिताको आयोजनामा गरेको थियो ।

# लगानी सम्मेलन सफल भयो हामी उत्साहित भएका छौँः अर्थमन्त्री

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन–२०२४ भव्यरुपमा सफल भएको बताएका छन् । सम्मेलनमा सहभागी हुन आएका विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) तथा नेपालका लागि विभिन्न देशका राजदूतसँगको सोमबार विहान भएको 'साइडलाइन' बैठकमा उनले सम्मेलन सफल भएको बताएका हुन् । उनले लगानी सम्मेलनमा विकास साझेदारहरुको सक्रिय सहभागिताले आफूहरु उत्साहित भएको उल्लेख गरे । विकास साझेदार, लगानीकर्ता र सरोकारवालाहरुको उल्लेख्य उपस्थितिले लगानी सम्मेलन सफल भएको उनको भनाइ थियो । लगानी सम्मेलनमा भएको उपस्थितिले नेपाल लगानीका लागि विश्वकै उत्कृष्टमध्येको लगानी गन्तव्य भएको पुष्टि गरेको मन्त्री पुनले बताए । बैठकमा विकास साझेदारसँगको सहकार्यलाई आगामी दिनमा थप सुमधर बनाइने मन्त्री पुनले प्रतिबद्धता जनाए । 'जुन स्तरमा लगानीकर्ता, विकास साझेदार र सरोकारवालाहरुको उपस्थिति देखिएको छ, त्यसबाट लगानी सम्मेलन सफल भएको छ', मन्त्री पुनले भने, 'नेपाल लगानीका लागि उदीयमान र आकर्षक गन्तव्य हो र यहाँ लगानीका प्रशस्त अवसरहरू छन् भन्ने तथ्यलाई स्थापित गर्न हामी सफल भएका छौँ ।'

सम्मेलनको उद्घाटन सत्रमा सरकारका तर्फबाट मात्र नभई प्रमुख प्रतिपक्षी दलका नेताको उपस्थिति र प्रतिबद्धताले लगानी वातावरण बनाउने सन्दर्भमा सिङ्गो देश एकढिक्का रहेको सन्देश विश्वभर प्रवाह भएकामा उनले खुसी व्यक्त गरे । नेपालको विकास प्रयासमा साथ दिन विकास साझेदारका तर्फबाट सम्मेलनमा भएको उपस्थिति र प्रतिबद्धताका लागि उनले धन्यवाद दिए ।

'उद्घाटन सत्रमा प्रतिपक्षी दलका नेता, निजी क्षेत्रका प्रतिनिधि, विपक्षी लगानीकर्ताहरू र सम्बन्धित सरोकारवालाबाट नेपालमा लगानीका लागि राम्रो वातावरण बनेको सुन्न पायौँ', उनले भने, 'त्यो समर्थनका लागि सरकारका तर्फबाट धन्यवाद दिन चाहन्छु र भन्न चाहन्छु कि वास्तबमै यो हाम्रो सामूहिक शक्ति हो ।' उनले लगानी सम्मेलनमा प्रदर्शनीमा राखिएका आयोजनामा विकास साझेदार र लगानीकर्ताको राम्रो आकर्षण देखिएकामा खुसी व्यक्त गरे । मन्त्री पुनले विगतदेखि गरिँदै आएको प्रतिबद्धताअनुसार लगानीमैत्री वातावरण बनाउन अध्यादेशमार्फत नौ वटा कानुनमा गरिएको संशोधनले लगानीकर्तामा विश्वास बढेको अनुभूति भएको उल्लेख गरे । यस्तै विकास साझेदारहरुले चासो राख्दै आएको मुलुकको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) को प्रक्रिया अघि बढेको जानकारी उनले जानकारी गराए । यस्तै मन्त्री पुनले सरकार नीतिगत सुधार र नीतिगत स्थायित्व कायम गर्न तथा काम गर्ने सिलसिलामा आइपरेका समस्या समाधान गरी लगानी अनुकूल वातावरण तयार गर्न प्रतिबद्ध रहेको सन्देश लगानीकर्तालाई दिन विकास लगानीकर्तालाई आग्रह गरे । मन्त्री पुनले नेपालको ऊर्जा, पर्यटन, सूचना प्रविधि, कृषि व्यवसाय र पूर्वाधारका परियोजनामा प्रचुर सम्भावना रहेको औँल्याए । नेपाल अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने अवधि नजिकै आइसकेको उल्लेख गर्दै उनले त्यसका लागि अरु क्षमता विकासलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए । उनले नेपाल दुई ठूला उदयीमान अर्थतन्त्र भएका चीन र भारतकाबीचमा रहेका रहेका कारण नेपालमा स्वदेशी तथा विदेशी लगानीका लागि ठूलो अवसर रहेको बताए । नेपालको जैविक विविधता तथा प्राकृतिक स्रोतहरुको प्रचुरताका कारण पनि व्यावसायिक सम्भावना उच्च रहेको मन्त्री पुनको भनाइ थियो ।

आगामी दिनमा थप नीतिगत र कानुनी सुधार तथा प्रक्रियागत सरलीकरणमार्फत व्यावसायिक वातावरण सुधारको काम गर्दै जाने उनको प्रतिबद्धता छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सामाजिक न्याय, सुशासन र समृद्धिमा जोड दिएको भन्दै उनले आगामी बजेटले ती विषयलाई प्रमुखताका साथ सम्बोधन गर्ने उल्लेख गरे ।

# तिब्बतसँगको व्यापारिक सम्बन्ध नयाँ उचाइमा पुग्ने उद्योगमन्त्रीको विश्वास



**रासस**
**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको व्यापारिक सम्बन्ध आगामी दिनमा नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गरेका छन् । व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रको आयोजनामा भृकुटीमण्डपमा सोमबारदेखि सुरु १७औँ नेपाल चीन (तिब्बत) आर्थिक तथा व्यापार मेलाको उद्घाटन समारोहमा उनले भने, 'चीनको स्वशासित क्षेत्र तिब्बतबीचको सांस्कृतिक सम्बन्धलाई हिमालयको दुवैतर्फ विद्यमान व्यापारिक अवसरलाई सदुपयोग गर्ने हाम्रा व्यवसायीका कारण द्विपक्षीय आर्थिक सम्बन्धलाई पनि हिमालय जस्तै अटल बनाएको छ ।' नेपाल र चीन इतिहासको लामो कालखण्डदेखि नै नजिकको व्यावसायिक सहयात्री रहेको उल्लेख गदै मन्त्री भण्डारीले उच्च हिमालय र कठीन भौगोलिक अवस्थिति नेपाल–चीन व्यापारमा कहिले पनि बाधाका रुपमा नरहेको बताए ।

उनले भने, 'हाम्रा पुर्खाहरुले यी बाधाहरुलाई हिमालय वारपार द्विपक्षीय व्यापार अभिवृद्धि गर्ने अवसरका रुपमा लिए त्यस कठीन समयमा जतिबेला यातायातका आधुनिक साधन उपलब्ध थिएनन् ।' नेपाल र चीन सदैव सुख दुःखमा साथ दिने अनन्य मित्रका रुपमा रहेका चर्चा गर्दै मन्त्री भण्डारीले चीनको स्थायित्व, एकता र समृद्धि सदैव नेपालको अन्तरमनको चाहना रहँदै आएको उल्लेख गरे । नेपाल सदैव एक चीन नीतिको समर्थक रहँदै आएको उल्लेख गर्दै उनले भने, 'चीनको एकता र अखण्डतालाई मन, वचन र कर्मले प्रतिबद्ध रहेको यस अवसरमा उल्लेख गर्न चाहन्छु ।'

रेलवे सञ्जालबाट चीनको मूख्यभूमि चीन र तिब्बत जोडिएको उल्लेख गर्दै मन्त्री भण्डारीले त्यहाँ बढिरहेको आर्थिक गतिविधि र प्रगतिबाट रेलवे नेटर्वकले भविष्यमा हिमालयलाई पार गर्ने विश्वास व्यक्त गरे । उनले चीनसँग नेपालको व्यापारघाटा बढ्दै गइरहेको सन्र्दभमा त्यहाँको बजारलाई हेरी चिनियाँ लगानी औद्योगिक उत्पादनको विकास र विस्तार गर्न सकिने तथा यसबाट द्विपक्षीय व्यापारमा अभिवृद्धि हुँदै नेपालको निर्यात मुख्य भूमि चीन र तिब्बतमा बढ्न सक्नेमा आशा व्यक्त गरे । व्यापार मेला दुई देशबीच व्यापार प्रवद्र्धन गर्ने महत्वपूर्ण औजारका रुपमा रहने उल्लेख गर्दै उनले भने, 'म आशा गर्दछु कि यसप्रकारका व्यापार मेलाले पनि हामी दुई छिमेकी देशबीच व्यापार वृद्धि गर्न सहयोगी हुनेछ र व्यापारी समुदायलाई नयाँ क्रेता, नयाँ बजार र नयाँ व्यापार गन्तव्य पहिल्याउन फाइदायोग्य हुनेछ ।' कार्यक्रममा तिब्बत सरकारका उपप्रमुख लान फुकुआनले नेपाल र तिब्बतबीचको व्यापारिक सम्बन्धमा जोड दिए । उनले दुई देशका व्यावसायीबीचमा असल व्यापारिक सम्बन्ध बनाएर आयात तथा निर्यातमा सहकार्य गर्नु सुझाव दिए ।

वाणिज्य मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले निर्यात व्यवस्थित गर्नसके दुई देशबीचको व्यापार सम्बन्धले गति लिने बताए । उनले चीनसँगको नेपालको व्यापार घाटा कम गर्न चिनियाँ लगानीकर्तालाई निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योग यहाँ स्थापना गर्न आग्रह गरे ।

व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले यसअघि नेपाल र चीन(तिब्बत) बीचको १९९० को समझदारी पत्र बमोजिम नेपाल र चीन (तिब्बत) बीच आर्थिक तथा व्यापारिक सम्बन्धलाई थप विस्तार गर्ने उद्देश्यले नेपाल तिब्बत आर्थिक तथा व्यापार मेलाको आलोपालो रुपमा मेला लगाइँदै आएको बताए । उनले शून्य भन्सार दरको सहुलियत व्यवस्थाबाट नेपाली निर्यातकर्ताले यस मेलाको अवसर पारेर चीनमा आफ्ना वस्तु निर्यात गर्ने महत्वपूर्ण अवसरका रुपमा यस मेलालाई उपयोग गर्ने र आफ्नो व्यापार प्रवद्र्धन गर्न तिब्बतमा रहेका व्यापारिक समुदायसँग फलदायी कारोबार गर्ने विश्वास व्यक्त गरे ।

सोमबारदेखि सुरु भएको मेला यही वैशाख २२ गतेसम्म सञ्चालन हुनेछ । मेलामा ५० चिनियाँ र १५ नेपाली व्यापारिक कक्ष राखिएका छन् । नेपाली कक्षहरुमा नेपालबाट चीन निर्यात हुने करिब ४० प्रकारका निर्यातयोग्य वस्तु राखिएका छन् ।

# नेपाल उद्योग व्यापार महासंघ र इन्डियन इन्डस्ट्रिज एशोशिएसनबीच सम्झौता

**रासस**
**काठमाडौँ ।**
नेपाल उद्योग व्यापार महासङ्घ (एफएनआइसी) र इन्डियन इन्डस्ट्रिज एशोशिएसन (आईआईए) बीच द्विपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । तेस्रो लगानी सम्मेलनका क्रममा सोमबार सम्झौता भएको हो । सम्झौतापत्रमा एफएनआइसीका तर्फबाट अध्यक्ष खिमलाल भण्डारी र आईआईएका तर्फबाट अध्यक्ष अनुजकुमार गर्गले हस्ताक्षर गरे । नेपाल र भारतबीचको लगानी, व्यापार तथा उद्योग क्षेत्रमा आपसी सहकार्य तथा हित प्रवद्र्धनका लागि सहकार्य गर्न यो सम्झौता भएको महासङ्घका महासचिव खिमनारायण पराजुलीले जानकारी दिए । दुई देशका निजी क्षेत्रबीच भएको यो सम्झौताले मुख्यगरी व्यापारका क्षेत्रमा सहजीकरणका लागि टेवा पुग्ने अपेक्षा गरिएको छ । नेपाल उद्योग व्यापार महासङ्घले सोमबार नै चाइना दोङ्गन जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडसँग पनि नेपालमा लगानी सहजीकरणका लागि सहकार्य गर्नेसम्बन्धी सम्झौता गरेको छ ।

यसैबीच नेपाल चेम्बर अफ कमर्स र क्रोएसियाको व्यावसायिक प्रतिनिधिमण्डलबीच व्यापार र पर्यटन क्षेत्रमा सहकार्य गर्ने विषयमा समझदारी भएको छ । काठमाडौँमा जारी तेस्रो लगानी सम्मेलनका क्रममा दुवै संस्थाबीच व्यापार सहजीकरण एवम् पर्यटन क्षेत्रमा लगानी गर्ने सम्बन्धमा समझदारी भएको चेम्बरले जनाएको छ । सम्मेलनमा चेम्बरले जलविद्युत्, होटललगायत क्षेत्रका एक दर्जन योजना 'सो–केस'मा राखेको छ । सो अवसरमा चेम्बर अफ कमर्श र क्रोएसियाका व्यावसायिक प्रतिनिधिमण्डलबीच नेपालमा लगानीको वातावरण, प्रतिफल, उपभोक्ता बजार, कानुनी पाटोलगायत विषयमा छलफल भएको चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए ।

# नेपाल लगानीको भरपर्दो गन्तव्य भएको सन्देश प्रवाह भएको छः भट्ट

**रासस**
**काठमाडौँ ।**

***सरकारले आइतबारदेखि काठमाडौँमा तेस्रो लगानी सम्मेलन सुरु गरेको छ । लगानी बोर्ड नेपालको मुख्य आयोजना र नेपाल उद्योग वाणिज्य महासङ्घ सहआयोजनामा भएको यस सम्मेलनमा नेपाललगायतका विभिन्न ६० मुलुकका करिब एक हजार चार सयभन्दा बढी लगानीकर्ताको सहभागिता छ । सम्मेलनमा लगानीकर्ताको अपेक्षित सहभागिताले सरकार उत्साही भएको छ । यसै सन्दर्भमा लगानीबोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील भट्टसँग गरिएको कुराकानीको सम्पादित अंशः***




**लगानी सम्मेलनमा कस्तो भइरहेको छ ?**

हिजोदेखि काठमाडौँमा चलिरहेको तेस्रो लगानी सम्मेलनमा करिब ६० मुलुक लगानीकर्ता नेपालमा आउनुभएको छ । एकै छनामुनी भेला भएर नेपालका विभिन्न क्षेत्रमा लगानी सम्मेलनका विषयमा छलफल, बहस तथा पैरवी भइरहेको छ । सम्मेलनमा दिन एक हजार चार सयभन्दा बढी व्यक्ति सहभागी हुनुभएको थियो । सम्मेलनस्थलमा २३ वटा स्टल (प्रदर्शनी कक्ष) राखिएका छन् । सहभागी एवम् लगानीकर्ताले ती प्रदर्शनीकक्षमार्फत् विभिन्न परियोजनाबारे बिस्तृत जानकारी लिनसक्ने व्यवस्थासमेत मिलाइएको छ । सम्मेलनका क्रममा आशयपत्र आह्वान गरिएका १९ वटा परियोजनासहित कूल एक सय ५४ परियोजना प्रस्तुत गरिएको छ ।

**सम्मेलनमा लगानीकर्तामा उत्साह कस्तो भएको पाउनुभएको छ ?**

सम्मेलनमा उपस्थित लगानीकर्ता उत्साही देखिनुभएको छ । जसले नेपाल भरपर्दो लगानीको गन्तव्य रहेको सन्देशसमेत प्रवाह भएको छ । उद्घाटन सत्रमा पनि लगानीकर्तामा उत्साह देखिन्थ्यो । सम्मेलनको उद्घाटन सत्रकै क्रममा भएका मुख्य दुई ओटा सम्झौताले सुरुवातमा नै सम्मेलन फलदायी रहने सन्देशसमेत प्रवाह भएको समेत भएको छ । ती सम्झौतामध्ये डाटा सेन्टर निर्माण तथा सञ्चालनमा सहकार्यका लागि बिएलसी ग्रुप नेपाल र योट्टा डाटा सर्भिसेस् भारतबीच सम्झौता भएको थियो । उक्त सम्झौतामा बिएलसी ग्रुपका प्रबन्ध निर्देशक मेघा चौधरी र योट्टाका प्रमुख कार्यकारी अधिकृत सुनिल गुप्ताले हस्ताक्षर गर्नुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ र नेशनल चेम्बर अफ कमर्स, मलेसियाबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवद्र्धनका लागि सहकार्य गर्नेसम्बन्धी अर्को सम्झौता भएको थियो । यो सम्झौतामा भने महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री मलेसियाका अध्यक्ष तान श्री दातो थायन लाइले हस्ताक्षर गर्नुभएको हो । सम्मेलनको पहिलो दिन सञ्चालन भएको ‘सक्सेस स्टोरिज अफ इन्भेस्टमेन्ट इन नेपाल’ विषयक सत्रमा बोल्दै स्वदेशी तथा विदेशी लगानीकर्ताले नेपालमा आफूहरुले गरेका सफल व्यवसायका बारेमा जानकारी गराउँदै प्रचुर लगानीको सम्भावनाबारे पनि धारणा व्यक्त गर्नुभएको थियो । यसले पनि लगानीकर्तामा उत्साह थपिएको देखिन्छ ।

**सम्मेलनमा लगानीकर्ताको उत्साहले कस्तो महसुस भएको छ ?**

यसले हामीलाई अझै थप जिम्मेवार बनाएको महसुस गराएको छ । हामीसँग प्रचुर मात्रामा सम्भावना रहेका क्षेत्रमा मुलुकको आर्थिक सामाजिक विकासका लागि कस्तो परियोजना या उद्योग खोल्न आवश्यक छ । आन्तरिक खपतका लागि होस् या निर्यात गर्ने हिसाबले नै किन नहोस् उद्योग स्थापनाको जरुरी भइसकेको छ । यस्ता परियोजनाको हकमा राज्यका सबै निकायको जिम्मेवार बढेर गएको छ । त्यस्तै स्वदेशी निजी क्षेत्रको पनि जिम्मेवारी बढेर गएको छ ।

**सम्मेलन उद्घाटनकै दिन जारी भएको लगानीसम्बन्धी अध्यादेशको प्रभाव कस्तो रह्यो ?**

लगानी सम्मेलनको उद्घाटन सुरु हुँदै गर्दा लगानीलाई सहजीकरणका लागि जारी अध्यादेशले नीतिगत सुधारको हकमा राम्रो सन्देश प्रवाह भएको छ । यसले नेपालमा लगानीका लागि नीतिगत सहजता र लगानीमैत्री वातावरणबारेमा स्पष्ट पारेको छ । सम्मेलनमा हामीले एक सय ५४ ओटा परियोजना सोकेस गरिसकेका छौँ । सम्मेलन गर्नुपूर्व सोकेस गर्न लागिएका परियोजनाको उद्देश्य के हो ? यसको अपेक्षित उपलब्धि के हुनसक्छ ? यसले दुर्गगामी प्रभाव के पर्नसक्छ ? भन्नेबारे गृहकार्य गरेर नै हामी अगाडि बढिरहेका थियौँ ।

**सम्मेलनपछि प्रतिबद्धता कार्यान्वयनको अवस्था कसरी अगाडि बढ्छ ?**

सम्मेलनपछि हामीले निरन्तर ‘फलोअफ’ संयन्त्रका साथ अगाडि बढ्छौँ । उदाहरणका लागि लगानी बोर्डसँग गाँसिएको या कार्यक्षेत्रमा भएका १२ ओटा परियोजानाको हकमा ४५ दिनको म्याद दिएर आइतबार नै सूचना प्रकाशन पनि गरिसकेका छौँ । त्यो सुरु भइसकेपछि ती प्रस्तावकको आर्थिक प्राविधिक पक्षलाई मूल्याङ्कन गरेर सूचीकृत गर्नेछौँ । त्यसमा सिलबन्दी प्रस्ताव माग गर्ने छौँ र ठोस् आयोजनाबाट अगाडि बढ्ने छौँ ।

**कस्ता परियोजनामा लगानीकर्ता बढी उत्साहित देखिन्छन् ?**

हामीसँग बिजनेस टु बिजनेस प्लेटफममार्फत पनि गुणस्तरीय परियोजना छन् । नेपालमा कार्यान्वयनयोग्य परियोजना पनि प्रशस्त छन् । ती परियोजना पनि उहाँले सोकेस गर्दै हुनुहुन्छ । जस्तै इप्पानका पनि ३१ ओटा परियोजना छन् । यी परियोजनामा बजारको स्रोत सुनिश्चित भइसकेपछि पनि वित्त स्रोत, ऋण पुँजी, वा स्वपुँजी, र अरु लगानी साझेदार खोज्ने थलो त यही सम्मेलन हो ।

**लगानीकार्ताका प्रथामिकताका कस्ता क्षेत्र देखिएका छन् ?**

सम्मेलनमा प्रस्तुत गरिएको परियोजनामध्ये अहिले आशयपत्र माग गरिएको छ । यी परियोजनाको हकमा एक खालको निश्चित अवधिपछि मात्रै स्पष्ट हुन सकिएला । तर उहाँहरुको चाहना बहुपरियोजनामा नै देखिएको छ । निश्चित रुपमा हाम्रो लगानीको प्रचुर सम्भावना भएको क्षेत्र जलस्रोत र पर्यापर्यटन पनि हो । यो दुई निजी क्षेत्रबीच भएको सम्झौताले पनि प्रष्ट पार्छ । पर्यटन विकासका लागि सुविधासम्पन्न पूर्वाधार विकासका लागि लगानी गर्न उत्सुक देखिनुभएको छ । अर्को उहाँहरुको चाहना भनेको सूचना प्रविधि क्षेत्रमा पनि छ । योसँगै जलविद्युत् आयोजनामा पनि उहाँहरुको चासो छ ।

नेपालले आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गरेर मुलुकको आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । सम्मेलनको उद्घाटन समाहरोलाई सम्बोधनको क्रममा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पनि नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्ने प्रचुर अवसरको उल्लेख गर्नुभएको थियो । यसले पनि निजी लगानीकर्तामा उत्साह थपिएको देखिन्छ । उहाँले जलविद्युत् उत्पादनको प्रचुर सम्भावनाले नवीकरणीय र स्वच्छ ऊर्जा आपूर्तिको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यस्तै पर्यटन क्षेत्रकोमार्फत पनि समृद्ध हासिल गर्ने उहाँको जोड रहेको छ । नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना भए पनि हालसम्म तीन हजार दुई सय मेगावाट मात्रै उत्पादन भएको छ । करिब पाँच हजार पाँच सय ६८ मेगावाटका ठूला आयोजना सार्वजनिक–निजी साझेदारी (पीपीपी) मा निर्माण चरणमा छन् ।

सम्मेलनको उद्घाटन समाहरोमा नेपालको तर्फबाट भारत र चीनसँग जोड्ने अन्तरदेशीय प्रसारण लाइनहरूले ऊर्जा आदानप्रदानलाई सहज बनाउनेमा जोड दिइएको थियो । यस क्षेत्रभित्र विद्युत् सहकार्यलाई सहज तुल्याउन भारतसँग विद्युत् व्यापार सम्झौता, चीनसँग समझदारी र बङ्गलादेशसँग विद्युत् निर्यात समझदारीमा हस्ताक्षर गरिएको छ । यसले पनि जलविद्युत् परियोजनालाई प्रथामिकता दिइएको देखिन्छ ।

**लगानी सम्मेलनको मुख्य सन्देश के हो ?**

लामो समयपछि गरिएको यो सम्मेलनले साझेदार निकायमा लगानीको सकरात्मक सन्देश प्रवाह भएको छ । सम्मेलनमा सहभागी हुन आएका विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) तथा नेपालका लागि विभिन्न देशका राजदूतहरुसँगको साइडलाइन बैठकसमेत भएको छ । यसले लगानीमैत्री वातावरण भएको सन्देश दिएको छ । सम्मेलनमा विकास साझेदारको सक्रिय सहभागिताले उत्साहित भएका छौँ । विकास साझेदार, लगानीकर्ता र सरोकारवालाको उल्लेख्य उपस्थितिले लगानी सम्मेलन सफल भएको ठानेका छौँ । सम्मेलनमा भएको उपस्थितिले नेपाल लगानीका लागि विश्वकै उत्कृष्टमध्येको लगानी गन्तव्य भएको पुष्टि गरेको छ ।

# लगानी सम्मेलनमार्फत लगानीका अवसरको खोजी

**प्रशान्तकुमार विक**
**काठमाडौँ ।**

‘समृद्ध नेपाल, सुखी नेपाली’को अवधारणालाई साकार पार्न नेपालमा लगानी भिœयाउनुको विकल्प छैन । लगानीमैत्री वातावरण र लगानी आकर्षणबिना नेपाल अतिकम विकसित देशबाट विकासोन्मुख देशका रुपमा अगाडि बढ्न सक्दैन । उपलब्ध स्रोतसाधनको यथाशक्य उपयोग गर्न पनि लगानी आवश्यक पर्दछ । सरकारको सीमित स्रोत साधनबाट मात्र विकासका कार्यक्रमहरु सम्पन्न गर्न नसकिने भएकाले पनि द्विपक्षीय तथा बहुपक्षीय लगानी भिœयाउन अपरिहार्य छ । तर, देशले उदार आर्थिक नीति अवलम्बन गरेको तीन दशकभन्दा बढी समय भइसक्दा पनि अपेक्षित विदेशी लगानी भिœयाउन नसकेको अवस्था छ । राजनैतिक परिवर्तनसँगै आर्थिक विकास हुन नसक्दा देश पछाडि परेको हो । आर्थिक विकासको आधार भनेको लगानी नै हो । त्यसैले नेपाल सरकारले लगानीका अवशरहरु खोजी गर्नका लागि भनेर तेस्रो लगानी सम्मेलन, २०२४ आयोजना गरेको धेरैको ठम्याइ छ । देशको तरल राजनीतिक तथा नीतिगत अवस्थाका बाबजुद पनि सरकारले गर्न लागेको यो सम्मेलन आफैँमा सह्राहनीय कदम हो ।

नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रुपमा प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना गरिएको दुई दिने सम्मेलनलाई दशवटा सेसनमा विभाजन गरिएको छ, जसमा ५० भन्दा बढी वक्ताहरु र एक हजारभन्दा बढी सहभागीहरु रहेका छन् । बहुप्रतिक्षित र धेरैले चासोको रुपमा हेरिरहेको सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, निजी, तथा विकास साझेदारहरुको प्रतिनिधित्व भइरहेको छ । नेपालको राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रमहरुसँग तालमेल मिलाउँदै गर्न लागिएको सम्मेलनमा निजी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

विशेषगरी, यो सम्मेलन प्रत्यक्ष बैदेशिक लगानी भिœयाउनका लागि गरिएको प्रयासका रुपमा हेरिएको छ । त्यसैगरी, लगानीका लागि पर्यटन, उर्जा, सूचना प्रविधि, कृषि, निर्माण, स्वास्थ्य, शिक्षा, यातायात, खानी तथा खनिज र शहरी विकास गरी सम्भावित १० वटा क्षेत्रहरु निर्धारण गरिएको छ । ती क्षेत्रहरुमा लगानी प्रक्रिया सहज बनाउनका लागि छ वटा प्रक्रियागत चरणहरु पनि उल्लेख गरिएको छ ।

लगानीका लागि आवदेन, स्वीकृति, कम्पनी दर्ता, नेपाल राष्ट्र बैंकको क्लिरियन्स, वार्ता तथा सम्झौताहरु र अनुमति, स्वीकृति र दर्तालगायतका प्रक्रियाहरु समावेश गरिएको छ । सरकारले लगानीमैत्री वातावरण तयार गर्नका लागि यस्तो खालको एकद्वार नीति अवलम्बन गरेको हो । सम्मेलन अगाडि पूर्वलगानी गोष्ठीहरु देशभित्र काठमाडौँ र लुम्बिनीमा आयोजना गरिएको थियो भनेर देश बाहिर भारतको नयाँ दिल्ली, बङ्गलादेशको ढाका, चीनको छेन्दु, बेइजिङ, हङकङलगायतका शहरहरुमा सम्पन्न भएको थियो ।




चीनको सिचुवान प्रान्तको छेन्दु शहरमा भएको पूर्व लगानी सम्मेलनमा सहभागी हुने अवसर प्राप्त भएको थियो । अहिलेका कन्सुलेट जनरल सुरेश रावतले लगानीसँग सम्बन्धित यो पहिलो तर महत्वपूर्ण कार्यक्रम भएको कुरा उल्लेख गरेका थिए । सह–आयोजक सिचुवान चेम्बर अफ इन्टरनेशनल कमर्सका प्रतिनिधिले पनि नेपालको विकासका लागि लगानी गर्न आवश्यक रहेको र यसले दुवै देशका जनतालाई फाइदा पुग्ने कुरा उल्लेख गरेका थिए । कार्यक्रममा सहभागी सिचुवान वोलुन इलेक्ट्रिक कम्पनी लिमिटेडका ग्लोबल सेल्स प्रतिनिधि विल लियाओ लगायतले लगानीसँग सम्बन्धित प्रश्नहरु सोधेका थिए । यसले चिनीया लगानीकर्ताहरु लगानी गर्न उत्सुक रहेको देखिन्छ । कार्यक्रमले नेपाल लगानी भिœयाउन आतुर छ है भन्ने सूचना प्रवाह गरेको थियो । सम्मेलनको व्यापक प्रचारप्रसारका लागि सूचना प्रविधिको अधिक प्रयोग गरिएको छ । फेसबुक तथा एक्स (ट्विटर) लगायतका सामाजिक सञ्जालको नियमित उपयोग गरिएको छ ।

चीनले नेपालीलाई यही मे १ देखि मेनल्याण्ड चाइनाका लागि भिसा प्रक्रिया निःशुल्क गर्दैछ । यसबाट दुई देशबीच आवागमन सहज हुनेछ भने यसले पनि लगानीका लागि वातावरण तयार गर्न सक्दछ । अहिले नेपालमा सबैभन्दा बढी बैदेशिक लगानी गर्ने देशमा छिमेकी देश चीन र भारत नै अगाडि छन् । दुवै छिमेकी राष्ट्रहरु आर्थिक रुपमा शक्ति सम्पन्न हुँदा पनि नेपालले सोचेजस्तो आर्थिक वृद्धि तथा विकास गर्न नसक्नु चिन्ताजनक विषय हो । चीन र भारत आपसमा सहयोगी भन्दा पनि प्रतिस्पर्धी व्यवहारबाट निर्देशित हुँदा त्यसको नकारात्मक प्रभाव नेपालमा पर्नु स्वभाविक हो । दुवै छिमेकी देशहरुको विकास हुँदा ‘स्पिल ओभर इफेक्ट’ का कारण नेपालमा पनि विकास हुन्छ भन्ने मान्यता नभएको होइन तर त्यसका लागि उनीहरुको चाखलाई चलाखीपूर्ण ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ ।

उदाहरणको लागि, चीनको लगानीमा उत्पादन भएको विद्युत संयुक्त राज्य अमेरिकाले लगानी गरेको प्रशारण लाइन हुँदै भारतीय तथा बङ्गलादेशको बजारमा बेच्नु पर्ने स्थिति छ । चीन, भारत र संयुक्त राष्ट्र अमेरिकाजस्ता ठूला शक्ति राष्ट्रहरुलाई नेपालमा व्यवस्थापन गर्न देशको नीति र नेतृत्वको खुबीको कुरा हो ।

अझ, दुवै छिमेकी देशसँगको बढ्दो व्यापार घाटा कम गर्नका लागि व्यापारमा विविधीकरण तथा विशिष्टीकरण आवश्यक छ । तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी लगानी गर्नु र प्राप्त आर्थिक विकासलाई सन्तुलित ढङ्गबाट वितरण गर्नु सरकारका अहिलेका चुनौतीका विषयहरु हुन् ।

त्यसका बाबजुद, नेपाल सार्क, विमिस्टेक, विश्व व्यापार सङ्गठन, बेल्ट एण्ड रोड इनिसियटिभ (विआरआइ) लगायत अन्य थुप्रै क्षेत्रीय तथा अन्तराष्ट्रिय सङ्गठनहरुको सदस्यका रुपमा रहँदै आएको छ । नेपालले बढीभन्दा बढी लगानी भिœयाउनका लागि यी सङ्गठन (फोरमहरु)को कूटनीतिक उपयोग गर्न सक्नु पर्दछ । साथै, गैरआवासीय नेपाली सङ्घलगायत विदेशमा रहेको नेपालीहरु (डायस्पोरा) लाई लगानीका लागि उत्प्रेरित गर्न आवश्यक छ ।

नेपालले हालसम्म कूटनीतिक रुपमा एकसय बयासी देश सँग दौंत्य सम्बन्ध कायम गरेको छ । तीस देशमा आफ्नो राजदूतावास खोलेको छ भने सात वटा महावाणिज्य दूतावास रहेका छन् । यी निकायहरुको उपयोग गरेर पनि लगानी भित्राउन सकिन्छ । सरकार–सरकारबीचको सम्बन्ध मात्र होइन, जनता–जनताबीचको सम्बन्ध (ट्र्याक–टु डिप्लोमेसी) तथा सम्पर्क बढाउन आवश्यक छ । त्यसैले सरकारले औपचारिक तथा अनौपचारिक माध्यमबाट लगानी आकर्षित गर्न सबै खालको पहल गर्न आवश्यक छ । लगानीमैत्री वातावरणका लागि प्रक्रियागत सरलीकरण गर्दै जानु पर्दछ ।

संरचनात्मक तथा नीतिगत व्यवस्थालाई चुस्त दुरुस्त पार्नुको विकल्प छैन । एक अन्तर्वार्तामा लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास मन्त्रालयहरु पनि चलायमान हुनु पर्दछ भन्नुको पछाडि लाइन अफ एजेन्सीको सक्रियता खोजिएको प्रष्ट हुन्छ ।

देश विकासको लागि लगानी आकर्षण गर्न सकिने पर्याप्त सम्भावनाहरु पनि छन् । देशमा युवा जनशक्ति हुनु, न्यून श्रम मूल्य, अन्तराष्ट्रिय सङ्गठनहरुसँगको सहकार्य, नेपालको रणनीतिक भौगोलिक अवस्थिति, प्रविधिको उपयोग, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्नुजस्ता विषयहरु लगानी भिœयाउनका लागि सहज परिस्थितिहरु हुन् । यसका कारण लगानी बोर्डका अनुसार अहिलेसम्म विभिन्न ४२ वटा परियोजना स्वीकृत भएका छन् । नेपालमा लगानी गर्नेमा होंसी शिवम् सिमेन्ट प्रालि, ह्वासिन सिमेन्ट, एनसेल, एसजेविएन, स्ट्याण्र्ड चार्टर बैंक, डाबर, युनिलिभर, पञ्जाब नेशनल बैंक, नेपाल एसबिआई बैंक लिमिटेड, जिएमआर माथिल्लो कर्णाली जलविद्युत् आदि प्रमुख रहेको छन् । वैदेशिक लगानीको कुरा गर्दा विभिन्न समयमा एनसेललगायतका बहुराष्ट्रिय कम्पनीहरुसँग नीतिगत जटिलताका कारण देखिएका समस्याहरु भविष्यमा कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा पनि ध्यान जान आवश्यक छ ।

थप सम्भावित लगानीकर्ताहरु (व्यक्ति वा संस्था) लाई आकर्षित गर्न लगानी बोर्डले ‘रोष्टर म्यानेजमेण्ट सिस्टम’ पनि लागू गरेको छ । यसअनुसार आगामी दिनमा लगानीका लागि अझै सहज वातावरण बन्न सक्दछ । यस सम्मेलनलाई निजी क्षेत्रले पनि निकै महत्व र अवसरको रुपमा लिएको छ ।

नेपाल सरकार आयोजक रहेको यस सम्मेलनको सहआयोजकका रुपमा भने नेपाल उद्योग वाणिज्य सङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्स रहेका छन् । सम्मेलनपछि स्वदेशी र विदेशी लगानीकर्ताहरु कत्तिको आकर्षित हुन्छन् त्यो हेर्न बाँकी नै छ तर यसले व्यापकरुपमा लगानी सचेतना अभिवृद्धि गरेको देखिन्छ ।



**मन्त्री साह – मन्तव्य :** जनकपुरधाम मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री सुरिता साह सोमबार बालविवाह विरुद्धको दिवस– २०८१ छोराछोरी बराबरी, बीसपारि बिहेबारी मधेश किशोर–किशोरी परिसंवाद कार्यक्रममा मन्तव्य राख्दै । तस्बिर निरञ्जनकुमार साह/रासस

# मुलुकको समृद्धिका लागि एमालेको विकल्प छैनः पोखरेल




**मधेशदृष्टि**
**वीरगंज ।**
ईश्वर पोखरेलले राष्ट्रिय स्वधिनता र मुलुकको समृद्धिका लागि नेकपा एमालेको विकल्प नभएको बताएका छन् । नेकपा एमाले पर्साको ९ औ जिल्ला अधिवेशनको सोमबार वीरगंजमा उद्घाटन गर्दै एमालेको वरिष्ठ उपाध्यक्ष पोखरेलले नेपालको मिचिएको भूमि फिर्ता ल्याउने अभियानमा एमाले दृढसंकल्पित भएको बताए । उनले भारतसँग आँखा जुधाएर समान व्यवहारको अपेक्षा गर्ने पार्टी एमाले भएको बताउदै छिमेकी फेर्न नसकिने हुँदा नेपाललाई मित्रबत व्यवहार गर्न भारतलाई आग्रह गरे । उनले अघिलो गठबन्धन सरकारले देश र जनताको पक्षमा काम गर्न नसकेको कारण नयाँ गठबन्धन बनेको दावी गर्दै यो गठबन्धनको सरकारलाई अल्मलिने र जनतालाई निरासा बनाउने छुट नभएको बताए । उनले ०८४ सालमा एमालेलाई बहुमतमा पुर्याउने गरी काममा लाग्न नेता, कार्यकर्ताहरुलाई निर्देशन दिदै नेकपा एमाले राष्ट्रिय शक्तिको रुपमा स्थापित भएको हुँदा एमालेलाई अब जनताले निर्णायक बिन्दुमा पुर्याउनुपर्ने आवश्यकतमा जोड दिए । उनले एमाले बलियो भएमात्रै राष्ट्रिय शक्ति बलियो हुने भन्दै एमाले कमजोर हुँदा राष्ट्रिय शक्ति कमजोर हुने बताए । कार्यक्रमका नेकपा एमालेका मधेश विभाग इन्चार्ज योगेश भट्टराईले एमालेलाई बलियो बनाउन विचारमा स्पष्ट, संगठनमा सुदृढ र जनतामा स्थापित भएको नेतृत्व पार्टीले खोजेको बताउदै मधेशमा एमालेलाई एक नम्बर पार्टी बनाउने नेतृत्व चयन गर्न पर्सा एमालेका कार्यकर्तालाई आग्रह गरे ।

उनले पार्टीलाई सुदृढ र मजबुत बनाउन नेतृत्वको आचरणहरुलाई पनि सुदृढ गर्नुपर्नेमा जोड दिए । नेकपा एमाले पर्साको नयाँ नेतृत्व चयनका लागि भोली विहान ८ बजे देखि बन्द सत्र शुरु हुने भएको छ । नेकपा एमाले पर्साका अध्यक्ष डा.विश्वम्भर शर्माको अध्यक्षतामा सम्पन्न जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य सुमन प्याकुरेल, पुरुषोत्तम पौडेल, अच्युत मैनाली, लिलानाथ श्रेष्ठ, मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डल, केन्द्रीय सदस्य राजकुमार गुप्ता, प्रभु हजारा, निर्मला देवकोटा लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।




# संविधान समाप्त भयो भने प्रचण्ड जेल जान्छन्ः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंहले देशको आर्थिक अवस्था नाजुक रहेको बताएका छन् । सोमबार वीरगंजमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उनले देशको आर्थिक, राजनीतिकलगायत समग्र अवस्थाको बारेमा आफ्नो धारण व्यक्त गरे । राजनीतिक जीवनको करिब डेढ दशक नेपाली कांग्रेसमा बिताएका सांसद सिंह गत आम निर्वाचनमा कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका हुन् । स्वतन्त्र सांसदको रुपमा संसद भित्र उनी खरो रुपमा प्रस्तुत हुने गरेका छन् । दलका शीर्ष नेता वा उनीहरुको निकटस्थहरुको बारेमा कडा टिप्पणी गरेर बेला बेलामा चर्चामा आइरहने नेता सिंहको संसदमा अर्धनग्न भएको घटनाले सञ्चार जगत तताएको थियो । देशको आर्थिक अवस्था, देशभित्र हुने गरेको भ्रष्टाचार, अनियमित्ताको बारेमा संसदमा मुखर हुने सांसद सिंह आफू पहिलेको अमरेश नभएर पुर्नजन्म भएर नयाँ अमरेशको रुपमा आएको बताउने गरेका छन् ।

सम्बोधनमा उनले अहिले संविधान समाप्त भएको खण्डमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जेल जाने ठोकुवा गरे । सांसद सिंहले नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्डमाथि द्वन्द्वकालका ३ सय भन्दा बढी मुद्धा रहेको बताउँदै यदि संविधान समाप्त भएमा प्रचण्ड जेल जाने ठोकुवा गरेका हुन् । त्यहि नियतले अहिले विदेशी शक्तिहरुको इशारा र निर्देशनमा अहिले नेपालको संविधानमाथि प्रहारपनि भइरहेको सांसद सिंहले बताए । संविधानका मुख्य चारवटै आधारस्तम्भ धर्मनिरपेक्षा, गणतन्त्र, संघीयता र समावेशीतामाथि प्रहार भइरहेको उनले बताए । धर्मनिरपेक्षता माथि विदेशीहरुको इशारामा हिन्दूवादीबाट, गणतन्त्रमाथि पूर्वराजा र राजवादीबाट तथा संघीयता र समावेशीतामाथि यहिका दल र सरकारबाट प्रहार भइरहेको उनले बताए । उनले भने,' त्यसको जीता जागता (ज्वलन्त) उदाहरण मधेशमै अहिले देखिइरहेको छ । केहि समययता वीरगंजसहित मधेशका विभिन्न शहरमा निरन्तर धर्मका नाममा अराजक जुलुश र ¥यालीहरु निकालिदैछ । यसले नै प्रष्ट हुन्छ ।' विदेशी शक्तिहरु लागेर मधेशमा धर्मको नाममा द्वन्द्व सृजना गर्न खोजिरहेको सांसद सिंहले बताए । त्यसकारण संविधान अहिले संकटमा परेको उनको बुझाई छ । सांसद सिंहले तराई मधेशमा गरिबी र अशिक्षित बढी रहेकाले विदेशी शक्तिहरुको चलखेल यहाँ बढेको बताए । विदेशीको इरासामा यहाँ दिनदिनै सम्प्रदायिक सद्भाव विगार्ने तत्वहरु बढी सल्बलाएको र सक्रिय भएको बताए । उनले भने, 'पहिला पनि यहाँ धार्मिक र्यालीहरु हुन्थ्यो तर, कुनै घटना हुदैन्थ्यो । तर, अहिले नियोजित तरिकाले हरेक धार्मिक र्यालीलाई सम्प्रदायिक रंग दिने प्रयास भइरहेको छ ।' उनले आँफु संविधानको पक्षधर भएकाले हिन्दू राष्ट्रको पक्षमा नरहेको पनि प्रष्ट पारे ।

नेपालको राजनीतिमा अहिले परिवारिकरण, व्यपारीकरण र भ्रष्टीकरण हाबी भएको भन्दै उनले राजनीति सेवा भावका रुपमा नभई व्यपारका रुपमा फस्टाएको टिप्पणी गरे । उनले नेपालमा विदेशी दलालीकरण पनि बढेको बताए । देश अहिले २० जना बिचौलीयाहरुले मात्रै चलाइरहेका कारण मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा पुगेको उनले बताए । उनले भने,' अहिले साधरण खर्चपनि विदेशी ऋण मागेर भइरहेको छ । जब साधरण खर्च नै विदेशी ऋणमा चलिरहेको छ भने यत्तिले नै पुष्टी हुन्छ कि देशको अर्थतन्त्र कत्ति जर्जर अवस्थामा पुगेको छ ।

सम्बोधनको क्रममा उनले भने, 'देशको जुन अवस्था छ वा आर्थिक अवस्था छ, या मधेशको अवस्था छ । त्यो एकदमै नाजुक अवस्थामा छ । बाहिर जे जस्तो भनिएपनि आर्थिक अवस्था ठिक छैन । जनता अन्धकारमा छ । जुन देशमा आन्तरिक ऋण व्यापारीले लिन्छ, त्यो देशले प्रगति गर्छ । किन की उसको जिडीपीमा कन्ट्रिब्युसन हुन्छ । उसले व्यापार गर्छ, उत्पादन गर्छ । त्यसको भ्यालु एड गर्छ । तर, जुन देशमा सरकारले आन्तरिक ऋण बढी लिन्छ, त्यो देशको बैंक डुब्छ । किनकी बैंकमा सरकारको पैसा हुँदैन त्यो त बचतकर्ताका पैसा हुन्छ । जसरी अहिले सहकारी डुबेका छन्, त्यसमा बचतकर्ताको पैसा डुबेको छ ।'

बैंकमा सरकारले कुनै धितो राखेको हुँदैन्, यति सरकारले त्यो पैसा तिर्न सकेन भने बैंकले त सरकारको सम्पत्ति त लिलाम गर्न सक्दैन । अहिले सरकारको अवस्था यस्तो छ की हाम्रो मधेशमा एउटा भनाई छ नी 'आम्दनी अठ्नी खर्चा रुपैयाँ' । सरकारको सधारण सगरमाथा छोएको छ । देशको अवस्था कस्तो छ भने आठ वटा राष्ट्रपति(देशको प्रमुख र सात वटा प्रदेश प्रमुख) लाई पाल्नु परेको छ । प्रदेशमा पनि कार्यालय चाहियो, काठमाडौंमा पनि क्वाटर चाहियो । दलको नेताको व्यवस्थापनका लागि मन्त्रालय तोडिएको छ । अचल सम्पत्तिमा बढी खर्च गरिएको छ । जुन देश खद्यान्नमा आत्मनिर्भर छ त्यहाँ मात्र स्वाधिन्ता हुनसक्छ । सरकारले जे भने पनि हाम्रो देशको उत्पादत्व घटेको छ । कृषिमा विचौलियाहरु हावी छन् । देशको शिक्षा र स्वास्थ्य क्षेत्र पनि धारासाही भएको छ । पूर्वाधार निर्माणमा ढिलासुस्ती छ । हाम्रो देशमा रहेको उपभोक्ता समिति र विद्यालय व्यवस्थापन समितिको कुनै काम छैन । उनीहरुको कुनै आवश्यकता छैन । विद्यालय व्यवस्थापन समितिले के गर्छ, आफ्नो आसेपासे, भाइ–भतिजा, छोरी–बुहारीलाई अस्थायी रुपमा विद्यालयमा जागिर खुवाउने काम गर्छ । अनि पछि उनीहरुलाई स्थायी गर्न दबाब दिन्छन् । कुनै देशलाई बरबाद गर्नु छ भने त्यो देशको शिक्षालाई ध्वस्त पार्नु पर्छ, विद्यालय व्यवस्थापन समितिले त्यहीँ शिक्षा ध्वस्त पार्न भूमिका खेलिरहेको छ । जुन देशको शिक्षा ध्वस्त हुन्छ त्यहाँ मजदुर मात्र उत्पादन हुन्छ । त्यहाँ डाक्टर, इञ्जिनीयर, वकिल उत्पादन हुँदैन । त्यसैगरी उपभोक्ता समितिले विकास निर्माणलाई ध्वस्त पारी रहेको छ । दुनियाँमा कहि पनि उपभोक्ता समितिले केही बनाएको छैन । तर, अर्बौ रकमको काम गरिरहेको हुन्छ । उनीहरुको कुनै कार्यालय हुँदैन । उनीहरुसँग न त लाइसेन्स हुन्छ न त कुनै इञ्जिनीयर हुन्छ । उनीहरुले कुनै एकाउन्टेन्ट पनि राखेका हुँदैन् । ठेकेदार कम्पनीसँग लाइन्सेन्स हुन्छ, बैंक ग्यारेन्टी हुन्छ । र मधेश प्रदेशमा जनु १० प्रतिशत लिएर कुनै योजना दिइन्छ, त्यो आफैमा पनि एक किसिमको अपराध हो । यो विषयमा कसैले बोल्दैन्, प्रत्येक वर्ष बेरुजु हुन्छ, अनि अर्को वर्ष प्रदेश सभाबाट विद्ययेक पारित गर्छन । देशको आर्थिक अवस्था खराब छ, कसैले ऋण दिन मानिरहेका छैनन् , देशको ऋण २३ खर्ब रुपैयाँ पुगिसकेको छ । त्यसको सवा ब्याज तिर्न साढे ३ खर्ब रुपैयाँ तिर्नु पर्छ । हाम्रो देशको राजस्व १० खर्ब पनि उठदैन् । सम्पत्ति सुधिकरण, राजस्व अनुसन्धान व्यापारीलाई डर देखाएर धम्काएर पैसा उठाएर शीर्ष नेता र प्रधानमन्त्रीलाई पैसा बुझाउने थलो बनेको छ । देशको राजनीति सेवा नभएर व्यापार भइसकेको छ । नेपालमा बैंकर र व्यापारी एउटै छन् । जुन सांसदको शिक्षामा लगानी छ, उ चाहीँ शिक्षा समितिमा बस्न खोज्छ । जो सांसद ठेक्का पट्टामा संलग्न छन् उनीहरु विकास समितिमा बस्न चाहन्छन् । बैंकरहरु सबै अर्थ समितिमा बस्न खोज्छन् ।

नेपाली कांग्रेसका सभापती शेरबहादुर देउवालाई पढेलेखेको मान्छे मन पर्दैन उनलाई 'एस म्यान' मन पर्छ । आफू कांग्रेसमा हुँदा धेरै मुखर भएर बोल्न नसकेको स्वीकार गर्छन् । स्वतन्त्र सांसद भएपछि बोल्नलाई कुनै ह्वीप लाग्दैन्, संविधान र कानुनको दायरामा रहेर जनताको हितमा निरन्तर खबरदारी गर्दै आएको छु ।

# विद्यार्थीलाई तनाव र मानसिक यातना दिएको आरोप पूर्वाग्रही र निराधारः यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको हरिखेतान बहुमुखी क्याम्पसका निमित्त क्याम्पस प्रमुख किशोरी राय यादवले नेशनल ईन्फोटेक एनआई कलेजका विद्यार्थीले हरिखेतान क्याम्पस तोडफोड गरेपछि आफूहरुले परीक्षा संचालन गर्न नसक्रे जानकारी प्रहरी प्रशासनलाई दिएको बताएका छन् ।

कक्षा १२ को परीक्षाका लागि तोकिएको हरिखेतान परीक्षा केन्द्र तोडफोड पछि स्थानिय प्रशासनले अर्को केन्द्र तोकेर परीक्षालाई भने निरन्तरता दिने भएको छ । आइतबार हरिखेतान क्याम्पसमा जारी कक्षा १२ को परीक्षामा सहभागी एनआई कलेजका विद्यार्थीहरुले परीक्षामा मानसिक यातना र तनाव दिएको भन्दै क्याम्पसमा तोडफोड गरेका थिए । त्यहि विषयका सम्बन्धमा आज हरि खेतान बहुमुखी क्याम्पसले पत्रकार सम्मेलनको आयोजना गरेको थियो । पत्रकार सम्मेलनमा निमित्त प्रमुख यादवले परीक्षा हलमा विद्यार्थीलाई तनाव र मानसिक यातना दिएको भनेर एनआई कलेजले लगाएको आरोप पूर्वाग्रही र निराधार भएको दाबी गरे । पत्रकार सम्मेलनमा हरिखेतान क्याम्पसका निमित्त क्याम्पस प्रमुख यादवले आफनो क्याम्पसमा आइतबार सुनियोजित रुपमा तोडफोडको घटना गराइएको बताउदै गरिवका ४ हजार ४ सय ९० बालबालिका पढने यस क्याम्पसलाई ध्वस्त पार्ने षडयन्त्र भएको भन्दै आक्रोश व्यक्त गरे । एनआई कलेजले आफना विद्यार्थीहरुलाई परीक्षामा अमर्यादित कार्य गर्न नदिएपछि षडयन्त्र रचेर परीक्षा केन्द्र सार्न तोडफोड गरेको र यसको क्षतिपूर्ति उपलब्ध गराउने प्रहरी प्रशासनसँग सकारेको समेत क्याम्पस प्रमुख यादवले बताए ।

# विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी माग



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) बाराले मधेशमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था नभए कडा आन्दोलन गर्ने निर्णय गरेको छ ।

सोमबार बाराको गडहलमा सम्पन्न जिल्ला पदाधिकारीहरुको बैठकले मधेशमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्न संघर्षको कार्यक्रम गर्ने निर्णय गरेको हो । बैठकले विद्यालयमा शिक्षक अभाव, शुन्य शिक्षक दरबन्दी र विषयगत शिक्षकको समस्याको अन्त्य गÞर्न बारा जिल्लामा संघर्ष अगाड़ी बढ़ाउने निर्णय गरेको छ । जिल्ला अध्यक्ष राजकिशोर साहको अध्यक्षतामा सम्पन्न बैठकमा पार्टीको उपाध्यक्ष अशोक लामा र प्रदेश अध्यक्ष उमेश कुशवाहा लगायतका नेताहरुको उपस्थिति रहेको थियो । सो बैठकले संगठन बिस्तार लगायतका बुँदाहरुमा समेत महत्वपूर्ण निर्णय गरेको जिल्ला अध्यक्ष राजकिशोर साहले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन